# रातो खबर

Ratokhabar weekly

साप्ताहिक




शान्ति प्रकृया असफल र भङ्ग भएको छ

हेमन्तप्रकाश ओली 'सुदर्शन'

अन्तर्वार्ता

पृष्ठ ३


वर्ष ३, अङ्क २६, पूर्णाङ्क १२१ | २०७४ मङ्सिर २७ गते बुधबार | Wednesday, 13 Dec 2017 | www.eratokhabar.com | मूल्य रु. १०


## दिल्लीका प्रिय पात्र
# कसले जिते ? कसले हारे ?



■ रातो खबर संवाददाता

भारतीय गुप्तचर संस्था 'रअ' को प्रभाव नभएको नेपालको कुनै निकाय छैन भन्ने गरिन्छ । सुरक्षा निकाय, कर्मचारी, अदालत, संस्थान, निगम, सिंहदरबार र दलहरूभित्र उनीहरूको पकड नै छ भन्ने 'ओपन सेक्रेट' नै हो । प्रतिनिधिसभा चुनावमा अधिकांश दिल्ली निकट भनेर चिनिएका नेताहरु पराजित भएका छन् । शान्तिप्रक्रिया असफल पार्न 'रअ' सँग मिलेर मुख्य भूमिका निर्वाह गरेको आरोप लागेका कृष्ण सिटौला पराजित भएका छन् । त्यसैगरी नुवाकोटका 'रअ' का प्रतिनिधि पूर्वपञ्च अर्जुननरसिंह के.सी. पनि पराजित भएका छन् । उनी गुन्डागर्दीका संरक्षक पनि हुन् । के.सी.ले आफ्नै मातापिताका नाममा भारतीय लगानीको गैसस चलाएका छन् । उनी चुनावैपिच्छे भारतीय आकस्मिक वाहन, अनुदान बाँड्ने गर्छन् । दीपकुमार उपाध्याय नेपालमाथि भारतीय नाकाबन्दी लाग्दा भारतकै खुलेआम चाकरी गर्ने देशद्रोही कपूत हुन् । उनी पनि पराजित भएका छन् । त्यसैगरी सूर्यबहादुर थापाका पुत्र सुनिल थापा पनि यसपटक पराजित भएका छन् । सूर्यबहादुर थापाले २०३५/०३६ मा दिल्लीको आडमा 'मलाई राजाको होइन, राजालाई मेरो खाँचो छ' भनेका थिए । थापाले २०३७ को जनमतसङ्ग्रहमा लाखौँ भारतीय नागरिकलाई पञ्चायती व्यवस्थाका पक्षमा मतदान गर्न लगाए । तिनै भारतीयलाई कालान्तरमा नागरिकता प्रदान गरियो । उनै राष्ट्रघाती फिजीकरणका नायकका पुत्र सुनिल थापा पनि

... बाँकी पृष्ठ ८ मा

# क्रान्ति र प्रतिक्रान्तिको नयाँ चरण सुरु

■ रातो खबर संवाददाता

संसदीय पार्टीहरूले केन्द्रीय प्रतिनिधिसभा र प्रदेशसभाको चुनाव सम्पन्न गरेर प्रतिक्रान्तिलाई पूर्णता दिएका छन् । नेपालमा गणतन्त्र र सङ्घीय शासनप्रणाली स्थापना भएको छ तर जनयुद्धका सपनाहरू अधुरा नै छन् । संवैधानिक एकात्मक राजतन्त्रात्मक शासनप्रणालीको स्थानमा सङ्घात्मक गणतन्त्रात्मक शासनप्रणाली स्थापना भएको छ । कुलीन तथा शोषक वर्षका बीचको दायरा फराकिलो भएको छ । देशको आर्थिक, राजनीतिक क्षेत्रमा थप नवधनाढ्यहरूको पकड भएको छ । यसले जनतालाई कुलीन, शोसक र दलाल शासकहरूमध्ये कसलाई छान्ने भन्ने दायरा फराकिलो भएको छ । शोसक र दलालहरूमध्ये कसलाई छान्ने भन्ने दायरा फराकिलो हुनु र समस्याको केन्द्र निश्चित नहुँदा जनतामा थप भ्रम र अन्योल बढ्नेछ । त्यसले नेपाली क्रान्ति र परिवर्तनको बाटो



र प्रक्रियालाई अझ जटिल बनाउनेछ । श्रमिक र देशभक्त शक्तिको नेतृत्वमा राज्यसत्ता निर्माण गर्नु जनयुद्धको मुख्य नारा र प्रस्ताव थियो । तर त्यसमाथि भयानक षड्यन्त्र र धोका भएको छ । नयाँनयाँ नारा र रूपमा नेपालमा दलाल पुँजीपति वर्ग र सामन्त वर्गको गठबन्धन सत्ता पुनर्जीवित भएको छ । दलाल पुँजीपति वर्गको यो सत्ताले राष्ट्रियता र जनतन्त्रका समस्याहरूको समाधान गर्न सक्दैन । त्यसैले जनयुद्धको एउटा ठूलो पङ्क्तिले शान्तिप्रक्रिया भङ्ग भएको,

... बाँकी पृष्ठ ७ मा

# आगोको ज्वालामा मध्यपूर्व

■ रातो खबर संवाददाता

ऐतिहासिक सहर जेरुसेलम इजरायल वा प्योलेस्टिनमध्ये कसको हुने भन्ने विषयमा लामो समयदेखि विवाद रहँदै आएको छ । इजरायलले उक्त सहर आफ्नो भएको भन्दै अतिक्रमण गरिरहेको छ । संयुक्त राज्य अमेरिका इजरायलका पक्षमा भए पनि अरब देशसँगको सम्बन्ध बिग्रने भएका कारण इजरायलका पक्षमा बोल्न सकिरहेको थिएन । अमेरिकामा अन्धराष्ट्रवादी नेता ट्रम्पको उदयसँगै जेरुसेलमका विषयमा पूर्वनिर्णय उल्टने भएको छ । ट्रम्पले चुनावताका नै त्यसप्रकारको वाचा गरेका थिए । बुधबार (मङ्सिर २० गते) ट्रम्पले उक्त निर्णय गरेपछि विश्व तरङ्गित भएको छ ।

अहिले इजरायलले तेलअबिबलाई राजधानी मान्दै आएको छ । अब अमेरिकाले इजरायलको अपेक्षाअनुसार आफ्नो दूतावास जेरुसेलममा सारेर निर्णयलाई व्यावहारिकता प्रदान गर्नेछ । त्यसप्रकारको अमेरिकी निर्णयको चौतर्फी विरोध भएको छ । यहुदी मूलका अमेरिकी मतदाता र धनाढ्य वर्गको मत र चन्दा असुल्ने रणनीतिअनुसार गएको चुनावमा ट्रम्पले आफूले जितेमा जेरुसेलमलाई इजरायलको राजधानीका रूपमा मान्यता दिने प्रतिबद्धता गरेका थिए ।

अमेरिकी निर्णयसँगै प्यालेस्टिनी मात्र होइन, विश्वभरका न्यायका पक्षधरहरू विरोधमा उत्रिएका छन् । शुक्रबार भएको अमेरिकाविरोधी प्रदर्शनमा ३१ जना प्यालेस्टिनी इजरायली सेनाको गोली लागेर घाइते भएका छन् । जोर्डनमा पनि अमेरिकी निर्णयको सशक्त विरोध भएको छ । अमेरिकी गठबन्धनको अरब देश साउदी अरबले अमेरिकी निर्णय 'आधारहीन र गैरजिम्मेवार' भनेको छ । फ्रान्स, बेलायतलगायत देशहरूले ट्रम्पको निर्णयको विरोध गर्दै ट्रम्प प्रशासनले विश्वशान्ति र अन्तर्राष्ट्रिय कानुन उल्लङ्घन गरेको बताएका छन् । प्यालेस्टाइन नियन्त्रित रमल्लाह, गाजापट्टी, वेस्टब्याङ्कसहित इराक, यमन, जोर्डन, सिरिया, टर्कीलगायत देशहरूमा शुक्रबार नै व्यापक विरोध प्रदर्शन भएको छ । पाकिस्तानको कराँचीमा हजारौँको क्रुद्ध भीडले इजरायल र अमेरिकाको झन्डा जलाएको छ । हमासले ट्रम्पको निर्णयलाई 'युद्धको घोषणा' भनेको छ ।

अमेरिकी निर्णयविरुद्ध विश्वका विभिन्न संस्थाहरू पनि क्रियाशील भएका छन् । शनिबार अरब लिगले आपत्कालीन बैठक बोलाएको छ । आजसम्म इजरायलको दाबीलाई विश्वले अस्वीकार गर्दै आफ्ना दूतावास तेलअभिभमा राख्दै आएको छ । चीनले समेत अमेरिकी निर्णयले तनाव भड्कने भन्दै अमेरिकी निर्णयको विरोध गरेको छ । पोप फ्रान्सिसले यथास्थिति कायम गर्न अथवा नयाँ निर्णय नगर्न बुधबार अनुरोध गरेका थिए ।

... बाँकी पृष्ठ ७ मा

# चुनावमा भूराजनीतिक प्रभाव



■ रातो खबर संवाददाता

भर्खरै सम्पन्न भएको प्रदेशसभा र प्रतिनिधिसभाको चुनावमा भूराजनीतिक प्रभाव प्रष्ट रुपमा देखिएको छ । दक्षिण एशियामा नै भाजपाको अन्धराष्ट्रवाद र हस्तक्षेपकारी विदेश नीतिको विरुद्ध जनमत बढ्दै गएको बेला नेपालमा पनि त्यसको प्रभाव परेको छ । भारतीय नाकाबन्दी र मधेस आन्दोलन सफल भएको भए दक्षिणपंथी गठबन्धन हाबी हुने निश्चित थियो । मधेस आन्दोलनको असफलता, त्यसमा भारतीय भूमिकाको आलोचना र जनअसन्तुष्टि तथा भारतले नाकाबन्दी फिर्ता लिनुपर्ने बाध्यताका कारण नेपालमा भारत विरोधी जनमत निकै बढेको ठानिएको छ । त्यसकारण पनि कांग्रेस, राजावादी, पूर्वपञ्चहरु र मधेसवादी गठबन्धनको विपक्षमा जनमत गएको

... बाँकी पृष्ठ ७ मा

# नेकपाका नेता कार्यकर्ता रिहा



■ अम्बिका चन्द / काठमाडौँ

२६ मंसिर : निर्वाचन सुरक्षा चुनौतिको कारण देखाउँदै पक्राउ गरिएका नेकपाका पोलिटब्युरो सदस्य चन्द्रबहादुर चन्द 'विरजङ्ग' सोमबार रिहा हुनुभएको छ । पार्टीको लुम्बिनी ब्यूरो इन्चार्जमेत रहेका चन्दलाई मंसिर ८ गते काठमाडौं बुढानिलकण्ठबाट प्रहरीले पक्राउ गरेको थियो । भारतको दिल्लीस्थित म्याक्स अस्पतालको आइसियूमा अचेत अवस्थामा रहेका छोरा बिएस चन्दको उपचार खर्च जुटाउन आफन्तको घर पुगेको बेला चन्दलाई पक्राउ गरिएको थियो । चन्दलाई पक्राउ गरिएपछि रकमको अभावमा उपचार प्रक्रिया अघि बढ्न नसक्दा विएसको अवस्था निकै चिन्ताजनक बनेको पारिवारिक श्रोतले जनाएको छ ।

यस्तै नेकपाका चितवन इन्चार्ज लालबहादुर बिसी पनि आइतबार रिहा भएका छन् । नेकपा निकट शिक्षक संगठनका केन्द्रीय अध्यक्षसमेत रहेका बिसीलाई चितवनबाटै प्रहरीले पक्राउ गरेको थियो । धनकुटाका जिल्ला इन्चार्ज माधव गौतम 'आकास' पनि आइतबार रिहा भएका छन् । गौतमलाई कार्तिक ३० गते धनकुटाको पोखरेबाट पक्राउ गरको थियो ।

नेकपा निकट अखिल नेपाल जनसांस्कृतिक महासंघका महासचिव

... बाँकी पृष्ठ ७ मा

# निर्वाचन र मानवअधिकार

देश/परिवेश

■ एकराज भण्डारी,
वरिष्ठ अधिवक्ता



मानिस प्रकृतिको सुन्दर रचना हो, उत्कृष्ट विवेकशील प्राणी हो । वैज्ञानिक विकासवादी सिद्धान्तअनुसार मानिसको उत्पत्ति र विकासले लामो कालखण्ड पार गर्दै क्रमशः आजको मानिस सम्भव भएको हो भनिन्छ । आदिम युगमा मानिस-मानिसबीच विभेद थिएन । तर जब मानिसका आवश्यकताहरु बढ्दै गए, श्रम तथा साधनको विकास हुँदै गयो तब भेदभावको चरण शुरु भएको मानिन्छ । मानिस संगठित भएर झुण्ड-झुण्डमा बस्न थाले र यो अवस्थामा एक-अर्काप्रति आक्रामक ढंगले प्रस्तुत हुन थाले । त्यस समयमा एक समूहले अर्को समूहको अस्तित्व स्वीकार गर्दैनथे । तर विस्तारै मानिसको उत्कृष्ट विवेकको विकासका कारण मानिसले आफ्नो अस्तित्व रक्षाका लागि अरुको अस्तित्व स्वीकार गर्न जाने । मानिस विस्तारै सम्झौतावादी सिद्धान्तअनुसार अन्तरविरोध र अन्तर्सम्बन्धका बीचबाट सामाजिक बन्दै गए । समाजमा सामाजिक व्यवहार, एक-अर्काका बीचका अन्तरसम्बन्धहरु सुचारु गर्न काल एवं परिस्थिति अनुसार नीति-नियमहरु बन्दै गए । मानिस संगठित भएर रहन थाले । श्रमको विकास हुँदै गयो । राज्यको अवधारणा आयो । राज्य, श्रम तथा कामको चरित्रअनुसार समाजमा शासक र शासितहरु बने । यसरी समाजमा वर्ग विभाजनको सुरुवात भएको मानिन्छ । समाज एवं राज्य संचालनका लागि शासकहरुले नीति नियमहरु बनाउँदै गए । "बसुदैव कुटुम्बकम" जस्ता आदर्शवादी कुराहरु पनि भन्दै गरियो । तर यी लागू भएनन् । बरु विधिवत एवं नीतिगत ढंगले बलियोले निर्धोलाई शोषण गर्ने प्रवृत्ति बढ्दै गयो । शोषणका विरुद्धमा सशक्त आवाजहरु पनि उठ्दै गए । विरोध गर्नेहरुमाथि यिनै नीति, शास्त्र, नियमहरु लगाउँदै दमन गर्न थालियो । जति-जति दमन गर्न थालियो विरोधका स्वरहरु त्यतित्यति बढ्दै गए ।

अन्ततः मानिसका प्राकृतिक अधिकारहरुको संरक्षण गर्नैपर्ने महशुस गरियो । त्यसैले बाँच्न पाउनेजस्ता आधारभूत अधिकारलाई मानिसको प्राकृतिक अधिकार हो भन्ने धारणा हुँदै आधुनिक विश्वमा यस्ता अधिकारहरुलाई मानवअधिकार भन्ने गरिएको छ । यसको परिभाषा एउटै हुन्छ तर पनि पक्षधरताका हिसाबले आफ्नो वर्ग, समुदायको हितको हिसाबले मानवअधिकारको प्रयोग, रक्षा र विकासमा आजको ध्रुवीकृत दुनियाँमा फरकफरक व्याख्या गर्ने गरेको पाइन्छ । कसैको व्याख्यामा कुनै घटना मानवअधिकारको

क्रमशः पृष्ठ ३ मा

## सम्पादकीय

# राजबन्दी रिहा गर

काङ्ग्रेस-माके गठबन्धन सरकारले संसदीय व्यवस्था अस्वीकार गर्ने र त्यस व्यवस्थालाई सुदृढ हुन नदिन वैचारिक लडाइँ लडिरहेका नयाँ सत्ताका एक हजारभन्दा बढी सदस्यहरूलाई देशका विभिन्न स्थानबाट कायरतापूर्ण गिरफ्तार गरेको छ । कथित प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका क्रममा यो दलाल सरकारले देशभरबाट नेकपाका पोलिटब्युरो सदस्य कमरेड वीरजङ्गदेखि आम जनसमुदायसम्म सबैलाई 'खतरनाक' देखेर गिरफ्तार गऱ्यो र झन्डै महिना दिनदेखि विभिन्न किसिमका यातना दिएर हिरासतमा राखिरहेको छ । दलाल संसदीय व्यवस्था र उक्त व्यवस्थाअन्तर्गतको कथित चुनावलाई अस्वीकार, बहिष्कार र खारेज गर्ने पार्टीनेता, कार्यकर्ता, विभिन्न जनवर्गीय सङ्गठनका नेता, कार्यकर्तादेखि समर्थक, शुभचिन्तकसम्मलाई यो सरकारले निर्लज्ज ढंगले अवैधानिक प्रक्रियाबाट गिरफ्तार गरेको छ र आफैँले हस्ताक्षर र घोषणा गरेको संसदीय संविधानको समेत खिल्ली उडाएको छ । जनताको आवाज सुन्न नसक्ने यो जनविरोधी सरकार हो भन्ने उसका क्रियाकलापले प्रमाणित गरिसकेका छन् ।

दलाल सरकारले दिनभर श्रम गरेर घरकोठामा आराम गरिरहेका, सुतिरहेका, मेलापात गरिरहेका, कार्यालयको काम गरिरहेका, अध्ययनअध्यापन गरिरहेकादेखि आफ्नो कामले सडकमा हिँडिरहेका, बाबुआमाको परम्परागत किरियाकर्ममा बसेका व्यक्तिहरूसम्मलाई निर्लज्ज गिरफ्तार गरेर आफ्नो फासिवादी हर्कत प्रदर्शन गरेको छ । कुनै पनि मुलुकका जनतालाई त्यो देशको व्यवस्थाको विकल्प दिने र त्यस विकल्पलाई साकार पार्न राजनीतिक सङ्घर्ष गर्न पाउने अधिकार छ तर आफूलाई एक नम्बरको 'लोकतन्त्रवादी' भनेर नथाक्ने यो दलाल सरकार जनताको विद्रोहको आवाज सुनिरहेको छैन । त्यसैले बाध्य भएर जनताले यिनको कानसम्म आवाज घुसाउन बम र बारुदको सहारा लिन बाध्य भए । दलाल सरकारले बम र बारुदको आवाज निकाल्ने शक्तिलाई भेट्न त के, अनुमानसम्म पनि गर्न सकेन । विद्रोह र क्रान्तिको प्रयोग गरिरहेको वास्तविक शक्तिको नजिकसम्म पुग्न नसकेको काङ्ग्रेस-माके गठबन्धन सरकारले राजनीति गरिरहेकादेखि सामान्य जीवनव्यवबार सञ्चालन गरिरहेका व्यक्तिसम्मलाई अन्धाधुन्ध गिरफ्तार गऱ्यो । चर्मचक्षु मात्र नभएर हृदयचक्षु वा ज्ञानचक्षुसमेत बन्द रहेको सरकारले नकारात्मक इतिहास दोहोऱ्याउँदै बाटामा भेटेजति सबैलाई नेकपाका नेता र कार्यकर्ता देख्यो र हिरासतमा लग्यो तर पनि देशभर विद्रोहको आवाज कम भएन । जनताले यो व्यवस्था खारेजीको आन्दोलनलाई पूर्ण रूपमा साथ दिए । यो देखेर नै शेरबहादुर देउवा र पुष्पकमल दाहालहरू त्राहीमाम भएका थिए । तिनले दिएको र भन्ने गरेको उच्च सुरक्षालाई चुनौती दिँदै जनताले देशैभर बम र बारुद पड्काएर संसद्वादीहरूको मुर्दाशान्ति र मौनता भंग गरे । फलस्वरूप यो दलाल सरकार अत्तालियो र देखेभेटेसम्मका विद्रोहीलाई समात्ने, थुन्ने र गोली हान्नेसम्मको आदेश जारी गर्दा पनि जनता चुप बसेनन् । सरकारी आदेश अत्यन्त निन्दनीय र खारेजयोग्य थियो । व्यापक गिरफ्तारी, धरपकड र दमनलाई चिर्दै जनताले आन्दोलन सफल बनाए र एकीकृत जनक्रान्तिको कार्यदिशालाई व्यवहारमै प्रयोग गरे । जनताको हातबाट भएको र जनताबाटै अनुमोदित आन्दोलनलाई आतङ्क देख्ने यो सरकारको दृष्टि कमजोर मात्र होइन, पूर्ण रूपमा बन्द छ । त्यसैले पनि बिनाकारण, बिनाप्रमाण जनतालाई दुःख दिने, विद्रोह तुहाउन षड्यन्त्र गर्ने, विदेशी मालिक र प्रभुहरूलाई देखाउने उद्देश्यले गरिएको यो गिरफ्तारी अत्यन्त निन्दनीय छ । गिरफ्तार गरिएका, यातना दिइएका, झूट्टा मुद्दा लगाइएका सबै न्यायप्रेमी क्रान्तिकारीहरूलाई सरकारले बिनासर्त अविलम्ब रिहा गर्नुपर्छ र अब आइन्दा त्यस किसिमको बाटो नहिँड्ने प्रतिबद्धता व्यक्त गर्नुपर्छ । तर हामीलाई के थाहा छ भने प्रतिक्रियावादीहरू आफ्नो समाप्ति नहोउन्जेलसम्म गल्तीहरू दोहोऱ्याइरहन्छन् ।

यतिबेला देउवा र दाहालका नेता-कार्यकर्ता (भलै ती बिनाविभागीय किन नहोऊन् ? यो त विभिन्न बहानाले देश र जनतालाई लुट्ने उनीहरूको योजना न हो !) सरकारमा छन् । २०५२ सालमा शेरबहादुर देउवा सरकारको नेतृत्वमा थिए । तत्कालीन नेकपा (माओवादी) को वैधानिक मोर्चा संयुक्त जनमोर्चाका तर्फबाट बाबुराम भट्टराईले देउवा सरकारलाई देश र जनताका समस्या सम्बन्धमा समसामयिक विषयहरू समेटेर ४० बुँदे मागपत्र पेस गरेको थियो । पार्टी महामन्त्री दाहाल (त्यतिबेलाका प्रचण्ड) थिए । देउवाले समयसीमाभित्र माग पूरा गर्नु त कता हो कता, मागप्रति बेवास्ता गर्दै उल्टै दमनको नीति लिए । फलस्वरूप २०५२ साल फागुन १ गते नेकपा (माओवादी) जनयुद्ध घोषणा गर्दै अघि बढाउन बाध्य भयो । त्यसपछि के भयो भन्नेबारेमा नेपाली जनता विज्ञ छन् । जनताको त्याग, शौर्य र बलिदानको जगमा नयाँ सत्ता स्थापना भयो । केही दिनमै समाप्त पारिदिन्छौँ भनेको सत्ता देशको दुई तिहाइ भूभागमा फैलियो । देउवा र तिनका मालिकको सत्ता धमाधम ढल्दै गयो । काङ्ग्रेस, एमाले, राप्रपा कसैले ढाल्न नचाहेको राजतन्त्र ढल्यो । राजतन्त्रको दार्शनिक आधार धर्मसापेक्षता ढल्यो । पुरातनपन्थ ढल्दै गएपछि प्रतिक्रियावादी शक्तिहरू अत्तालिए र जनयुद्धको नेतृत्व गरिरहेका दाहाल, भट्टराईलगायत केही पात्रलाई किनेर जनसेना ढाले । प्रतिक्रान्ति लादे । जनसत्ता ध्वस्त बनाउन जनसेना नढाली हुँदैन भन्ने उनीहरूलाई थाहा थियो । तर नेपाली जनता यो प्रतिक्रान्ति सहन र स्वीकार गर्न तयार छैनन् । हिजो यही दलाल संसदीय व्यवस्था ढाल्न करिब १० हजार क्रान्तिकारी योद्धा र करिब त्यति नै संख्यामा नेपाली जनताको रगत बगिसकेको छ । संसदीय व्यवस्था दलाल व्यवस्था हो । यसले देश र जनताको भलो गर्दैन । यो व्यवस्थाको अन्त्य गरी त्यसको चिहानमा वैज्ञानिक समाजवादी व्यवस्था निर्माण गर्न एकीकृत जनक्रान्ति सुरु भइसकेको छ । संसदीय व्यवस्था र त्यसका चुनाव खारेज अभियानमा जनताले देखाएको क्रियाशीलता र सफलता यसको प्रारम्भिक कार्यक्रम हो भन्ने प्रमाणि भइसकेको छ । विद्रोह र क्रान्तिको मार्गमा लागेका जनतालाई गिरफ्तार गरेर क्रान्तिको ज्वाला निभ्दैन, झन् ठूला दावानल बनेर अघि बढ्छ भन्ने सत्य प्रतिक्रियावादी सत्ता र यसका सञ्चालकहरूलाई थाहा नहुन सक्छ । देश र जनताको मुक्ति र आमूल परिवर्तनको महान् यात्रामा लामबद्ध योद्धाहरूलाई राजबन्दी बनाइएको छ । गिरफ्तारीमा परेका सबैजनालाई बिनासर्त रिहाइ नगरिए यसको परिणाम के हुनसक्छ भन्ने अनुमान शासकहरूले बेलैमा गर्नु आवश्यक छ ।

### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

**– रातो खबर साप्ताहिक**

# किन आवश्यक छ वैज्ञानिक समाजवाद ?



चिरन पुन

> विभिन्न अन्याय र उत्पीडनयुक्त समाजलाई पार गर्दै आइरहेको मानवसमाजले अब न्यायपूर्ण समाजको आवश्यकता बोध गरेको छ । वैज्ञानिक समाजवादले समानतामूलक समाजको प्रतिनिधित्व गर्ने भएकाले त्यो व्यवस्थाको अनिवार्यतालाई नेपाल कम्युनिस्ट पार्टीले जोड दिएको हो । वैज्ञानिक समाजवादी व्यवस्थामा उत्पादनका साधनमाथि सामूहिक स्वामित्व हुने र माल उत्पादन समाजको आवश्यकताअनुसार गरिन्छ ।

*'कम्युनिस्टहरू आफ्ना विचार र लक्ष्यलाई लुकाउन चाहन्नन् । उनीहरूले आफ्ना उद्देश्यहरू अहिलेका सबै सामाजिक अवस्थालाई बलपूर्वक फ्याँकेर मात्र प्राप्त हुन सक्दछ भन्ने कुरा खुला रूपले घोषणा गर्दछन् ।'*

***– मार्क्स/एङ्गेल्स, कम्युनिस्ट घोषणापत्र ।***

क्रान्तिकारी कम्युनिस्ट पार्टी भनेको, सर्वहारा वर्गको सचेत र अगुवा दस्ता हो । सर्वहारा सङ्गठनको उच्च रूप हो । सबै जनसङ्गठनहरूको उच्च रूप हो । क्रान्तिकारी परिवर्तनको संवाहक हो र आर्थिक, सांस्कृतिक, राजनीतिक, सामाजिक, धार्मिक रूपान्तरणको जग हो । त्यसैले उनीहरूले जनतासमक्ष आफ्ना विचार, सिद्धान्त र लक्ष्यलाई खुलमखुला र स्पष्ट ढङ्गले राख्छन् । नेपालको सन्दर्भमा भन्नुपर्दा नेपाल कम्युनिस्ट पार्टी मार्क्स/एङ्गेल्सले राख्नुभएको उक्त सन्दर्भलाई आत्मसाथ गर्ने मात्र होइन, त्यो दिशाबोधलाई पूराका पूरा लागू गर्न दृढसङ्कल्पित छ । नेपाल कम्युनिस्ट पार्टी वर्तमान दलाल संसदीय व्यवस्थालाई बलपूर्वक फ्याँकेर त्यस स्थानमा वैज्ञानिक समाजवादी व्यवस्था स्थापना गर्न चाहन्छ । वैज्ञानिक समाजवादी व्यवस्थाले मात्र हाल भएका सबैखाले उत्पीडन र विभेदको अन्त्य गर्न सक्नेछ । न्यायपूर्ण र समानतामूलक समाज स्थापनाका लागि क. विप्लवको नेतृत्वमा नेपाल कम्युनिस्ट पार्टी क्रियाशील छ ।

### मानवसमाजको विकासक्रम

उत्पादनप्रणालीको विकासक्रममा उत्पादक शक्तिको विकास र परिवर्तनअनुसार मानिसको उत्पादन सम्बन्ध, उनीहरूको आर्थिक सम्बन्ध पनि बदलिँदै जाने भएकाले समाजको विकासक्रममा देखापरेका आर्थिक आधारहरूअनुरूप मानवसमाजको विकासक्रम आजसम्म परिचालित छ । उत्पादनको साधनमा सामूहिक स्वामित्व हुने आदिम साम्यवादी युगको चरण मानवसमाजले पार गरिसकेको छ । उत्पादनका साधनहरूमाथि दास/मालिकको स्वामित्व हुने दास युगलाई समेत मानवसमाजले पार गरिसकेको अवस्था हो । औजारहरू धातुको हुने, राज्यहरूको विकासक्रम सुरु हुने, श्रमको विभाजन हुने, बौद्धिक श्रम र शारीरिक श्रमको विभाजन हुने, शोषित जनसमुदायलाई दबाउन सेना, राज्य, कानुन आदिको जन्म र सुरुआत हुने, उद्योगहरूका अनेकौँ शाखाहरू खुल्ने, दास/मालिकको नामले परियोजना, नहर, सडक, भवनहरू निर्माण हुने, दास/मालिकको हकहितअनुकूल व्यवस्थाले मानवसमाजको हल नहुने भएपछि त्यो युगलाई समेत मानवसमाजले पछाडि छोडेर अघि बढ्यो ।

उत्पादनका साधनहरूमाथि सामन्तहरूको स्वामित्व हुने सामन्तवादी व्यवस्थालाई समेत मानवसमाजले धुलो चटाइदिएका छन् । किसानहरूको व्यापक उत्पत्ति, विकास र जमिनहरूको मालिक सामन्तहरू नै हुने, औजारहरूमा झनै आधुनिकता आएको र समाजमा जल र वायु शक्तिको प्रयोग आरम्भ भएको सामन्तवादी व्यवस्थालाई पनि मानवसमाजले देखे, बुझे र अनुभव गरे । धर्मको प्रभुत्व पनि यसै युगबाट सुरु एवम् विकास भएको र श्रमको मूल्य, बजार र सामन्तवादी दासताको बीच सङ्घर्ष सुरु भएपछि त्यही अन्तरसङ्घर्षले सामन्तवादी युगलाई मानवसमाजले बिदा गऱ्यो ।

उत्पादनका साधनहरूमाथि पुँजीपतिको स्वामित्व हुने पुँजीवादी व्यवस्थाको आगमन भयो । ठूला उद्योग र कारखानाहरूको विकास, माल उत्पादन नाफाका लागि गरिने व्यवस्था, विद्युत् विस्तार र विकासले ठूलो फड्को मारेको पुँजीवादी युगमा यी सबै विषयमा पुँजीपतिको मात्रै स्वामित्व कायम रह्यो । उत्पादनको विस्तार, प्रविधिको विकास, मजदुरहरूको शोषणमा तीव्रता, उत्पादनमा अराजकता, पुँजीवादी अन्तरविरोधको सघनीकरण, सामाजिक सम्पदाको विशाल रूपमा विनास आदि पुँजीवादका विशेषता हुन् । पुँजीवाद उत्पादन विधिको सबभन्दा ठूलो अन्तरविरोध हो । उत्पादनको सामाजिक स्वरूप र व्यक्तिगत स्वामित्वबीचको अन्तरविरोध यो व्यवस्थाको मूल कडी हो । यो व्यवस्थाले सेना तथा आधुनिक बल प्रयोगको व्यापक विस्तार पनि गऱ्यो तर यो पुँजीवादी युगले पनि मानवसमाजको न्यायपूर्ण पक्षलाई सम्बोधन गर्न सकेन । पुँजीवादको विकास र विस्तारसँगै साम्राज्यवादमा रूपान्तरण हुन पुग्यो । त्यसले पनि ठूलाठूला अन्तरविरोधहरू जन्म दिँदै आणविक होडबाजीसम्म विश्वलाई पुऱ्याइरहेको छ । यो व्यवस्थाको चरण अन्तिम अवस्थामा प्रवेश गरिसकेको छ । त्यसैले नेपाल कम्युनिस्ट पार्टीले आजको साम्राज्यवादलाई उत्तरसम्राज्यवाद भनेर संश्लेषण गरेको हो । अझ यसलाई निभ्न लागेको साम्राज्यवाद, अन्तिम चरणमा पुगेको साम्राज्यवाद वा अस्ताउन थालेको साम्राज्यवाद भनेर पनि बुझ्न सकिन्छ ।

### वैज्ञानिक समाजवादको सङ्घारमा समाज

*'कम्युनिस्टहरूको सिद्धान्तलाई एक वाक्यमा भन्ने हो भने निजी सम्पत्तिको अन्त्य गर्नु हो ।'*

***– मार्क्स/एङ्गेल्स, कम्युनिस्ट घोषणापत्र ।***

जसरी वर्गहरूको विभाजन निजी सम्पत्तिका कारणले पैदा भएको हो त्यसैगरी ती वर्गहरूमा देखिएको आर्थिक समस्यालाई हल गर्न पनि निजी सम्पत्तिको उन्मूलन वा अन्त्य आवश्यक छ । मार्क्स/एङ्गेल्सले निकै सुन्दर तर्क अघि सार्नुभएको थियो । क. लेनिनले 'साम्यवादमा क्षमताअनुसारको काम र कामअनुसारको दाम' भनेर व्याख्या गर्नुभयो ।

वैज्ञानिक समाजवादका दुई चरणहरू छन् : एक, समाजवादी व्यवस्था र दुई, साम्यवादी व्यवस्था । यो अवस्थासम्म पुग्दा राज्य र वर्गहरूको पूर्ण उन्मूलनसम्म पुग्नेछ । आदिम साम्यवादी युग, दास युग, सामन्तवादी युग र पुँजीवादी-साम्राज्यवादी युगको अन्त्यपछि वैज्ञानिक समाजवादी युगको सुरुआत अनिवार्य छ । विभिन्न अन्याय र उत्पीडनयुक्त समाजलाई पार गर्दै आइरहेको मानवसमाजले अब न्यायपूर्ण समाजको आवश्यकता बोध गरेको छ । वैज्ञानिक समाजवादले समानतामूलक समाजको प्रतिनिधित्व गर्ने भएकाले त्यो व्यवस्थाको अनिवार्यतालाई नेपाल कम्युनिस्ट पार्टीले जोड दिएको हो । वैज्ञानिक समाजवादी व्यवस्थामा उत्पादनका साधनमाथि सामूहिक स्वामित्व हुने र माल उत्पादन समाजको आवश्यकताअनुसार गरिन्छ ।

आजको सन्दर्भमा देखिएका आर्थिक समस्या र अराजकता हल गर्न नेपाल कम्युनिस्ट पार्टीले विभिन्न तीन आधारलाई अघि सारेको छ : एक, आम नागरिकका हकमा रोजगारीको पूर्ण सुनिश्चितता गर्दै क्षमताअनुसारको काम र कामअनुसारको दामको नीति लागू गर्नुपर्छ । दुई, पार्टी कार्यकर्ताहरूका लागि रोजगारीको अनिवार्य व्यवस्था, क्षमताअनुसारको काम र काम अनि आवश्यकताअनुसारको दामको नीति तय गरि नुपर्छ । तीन, पार्टी नेतृत्वमा बसेका कम्युनिस्ट नेताहरूका लागि क्षमताअनुसारको काम र आवश्यकताअनुसारको दामको व्यवस्था गरिनु पर्दछ । यो नीतिका आधारमा जनता र आम नागरिकले आफ्नो जीवन सुखी र समृद्ध बनाउनेछन् । कार्यकर्ताका लागि कामबाट प्राप्त आधा हिस्सा र आवश्यकताअनुसार प्राप्त गर्ने आधा भाग गरी उनीहरूको निजी जीवनसमेत सुखपूर्ण हुनेछ । त्यसका साथै कम्युनिस्ट पार्टीको नेतृत्वमा बसेका नेताहरूले आफ्नो सम्पूर्ण समय राज्य र जनताको काममा लगाउने र उसका लागि आवश्यक पर्ने स्रोतको व्यवस्था राज्यले गर्ने कुराले नेताहरूले निजी सम्पत्ति जम्मा गर्ने अवस्थाको अन्त्य हुनेछ । नेताहरूको जीवन वैभव र विलासी हुनबाट रोक्नेछ । यो समाजका लागि सरल र आदर्शयुक्त हुनेछ । यो कुरा, वर्तमान साम्राज्यवादी अवस्थाबाट हल गर्न सम्भव नै देखिँदैन । त्यसैले वैज्ञानिक समाजवादी व्यवस्था स्थापनाका लागि हाम्रो अभियान परिलक्षित गर्न आवश्यक छ । त्यसका लागि एकीकृत जनक्रान्तिको प्रक्रियाबाट अघि बढ्नुपर्ने हुन्छ । हो, यसैका सन्दर्भमा नेपाल कम्युनिस्ट पार्टी छलफल, बहस र आन्दोलनलाई केन्द्रित गर्दै अघि बढिरहेको छ ।

### नेपालमा वर्गीय पक्षधरता

आज नेपालमा रहेको मानवसमाजको वर्गीय पक्षधरतालाई हामीले राम्ररी नबुझेसम्म नेपालको वर्गीय आन्दोलनलाई ठीक ढङ्गले अघि बढाउन सकिँदैन । आजको राजनीतिक शक्तिको चरित्र के हो ? र नेपाली समाजको अर्थराजनीतिक विशेषता कस्तो छ ? भनेर ठीक निष्कर्ष निकाल्न आवश्यक छ । आर्थिक दृष्टिले हेर्दा हाल नेपालमा ८ वटा वर्ग विद्यमान छन् : एक, दलाल नोकरशाही पुँजीपति वर्ग, दुई, सामन्त वर्ग, तीन, राष्ट्रिय पुँजीपति वर्ग, चार, सुदखोर-माफिया वर्ग, पाँच, नयाँ श्रमिक वर्ग (मध्यम वर्ग), छ, सर्वहारा वा मजदुर वर्ग, सात, किसान वर्ग, आठ, भूमिहीन सुकुमबासी वर्ग । हाल देखिएका यी वर्गहरूमा एक, दलाल नोकरशाही पुँजीपति वर्ग, दुई, सामन्त वर्ग र तीन, सुदखोर, माफिया वर्गको हातमा नेपालको राज्यसत्ताको केन्द्रीकरण भएको छ । यी जनविरोधी र उत्पीडक वर्गहरू हुन् । अर्कोतिर एक, राष्ट्रिय पुँजीपति वर्ग, दुई, नयाँ श्रमिक वर्ग (मध्यम वर्ग), तीन, सर्वहारा वा मजदुर वर्ग, चार, किसान वर्ग, पाँच भूमिहीन सुकुमबासी वर्ग नेपालको उत्पीडित, श्रमिक, शोषित-पीडित र क्रान्तिकारी वर्गहरू हुन् । राष्ट्रभक्ति र देशभक्ति भावनालाई क्रान्तिकारी शक्तिहरूले गोलबन्द गर्न हरदम पहल गर्न आवश्यक छ । यी दुई वर्गका बीचको अन्तरविरोध नै आज नेपालको मुख्य अन्तरविरोध हो । यसलाई एकीकृत जनक्रान्तिमार्फत दलाल नोकरशाही पुँजीपति, जनविरोधी वर्गको हातमा रहेको राज्यसत्ता खोसेर क्रान्तिकारी वर्गको हातमा लिन अनिवार्य हुन्छ । यसले मात्र समाजमा रहेको उत्पीडन हल गर्न सक्नेछ । यो व्यवस्था भनेकै वैज्ञानिक समाजवादी व्यवस्था हो ।

जसरी आर्थिक दृष्टिले वर्गको बारेमा उल्लेख गरियो त्यसैगरी राजनीतिक हिसाबले पनि नेपालमा रहेका राजनीतिक शक्तिहरूलाई हेर्न, बुझ्न र जान्न आवश्यक छ । हाल नेपालमा रहेका राजनीतिक शक्तिलाई मुख्यतः सातवटा शक्तिमा विभाजन गर्न सकिन्छ : एक, दलाल पुँजीवादी शक्ति, दुई, पुँजीवादी शक्ति, तीन, नोकरशाही शक्ति, चार, सुदखोर, माफिया शक्ति, पाँच, देशभक्त शक्ति, छ, सुधारवादी शक्ति र सात, क्रान्तिकारी शक्ति । आजको नेपाली समाज यिनै शक्तिहरूको बीचमा देखापर्ने राजनीतिक अन्तरविरोधको बीचमा छ । दलाल पुँजीवादी शक्ति, नोकरशाही शक्ति, सुदखोर, माफिया शक्तिहरू यो दलाल संसद्वादी सत्ता टिकाउन लागिपरेका छन् । उनीहरूले वर्तमान राज्यसत्ताको सबै सुखसुविधा र अङ्गहरूको प्रयोग गरेर क्रान्तिकारी शक्तिलाई आतङ्ककारीको बिल्ला भिराउँदै युद्धमार्फत आफ्नो लुटको सत्ता कायम राख्न चाहन्छन् भने अर्कोतिर, सबै देशभक्त, राष्ट्रिय पुँजीपति शक्ति र क्रान्तिकारी शक्तिहरू यो दलाल संसद्वादी शक्तिको हातमा रहेको राज्यसत्ता फालेर वैज्ञानिक समाजवादी सत्ता स्थापना गर्न लागिपरेका छन् । राष्ट्रभक्त, देशभक्त र क्रान्तिकारीहरू उनीहरूका विरुद्ध एकीकृत जनक्रान्तिमा लामबद्ध हुँदै वैज्ञानिक समाजवादका लागि एकताबद्ध बन्दै गएका छन् । यो अवस्थामा आजको आर्थिक तथा राजनीतिक दृष्टिले देखापरेका समस्याको हल वैज्ञानिक समाजवादले मात्र गर्न सक्नेछ । उत्पीडितहरूको समाज र न्यायपूर्ण समाजका लागि वैज्ञानिक समाजवाद यस मानेमा अर्थपूर्ण र अनिवार्य मानिएको हो ।

### पुछारमा

उल्लिखित विषय र अवस्थाका आधारमा वैज्ञानिक समाजवादका लागि उत्पीडित जनसमुदाय एकताबद्ध हुन अनिवार्य छ । कम्युनिस्ट आन्दोलनमा देखापरेका सबैखाले प्रतिक्रियावाद, अवसरवाद, संशोधनवादलाई परास्त गर्न जरुरी छ । सबैखाले राष्ट्रघात, जनघात, भ्रष्टाचार, कालोबजारी, लुटपाट र बिचौलियाको जगजगीलाई तोड्न आवश्यक छ । त्यसका लागि एकीकृत जनक्रान्तिको बाटो सही हुन्छ भन्ने नेपाल कम्युनिस्ट पार्टीको मान्यता रहेको छ । अवश्य पनि हरेक क्रान्ति सभ्य, सुशील र सरल बाटोमा जाँदैन । त्यसका लागि निकै उथलपुथल अवस्थाको खाँचो पर्न सक्छ । दलाल संसद्वादी सत्ताले जनतालाई एकतर्फी युद्ध थोपरेर अघि बढेकाले त्यो अन्यायपूर्ण युद्धलाई रोक्न र परास्त गर्न क्रान्तिकारीहरू र उत्पीडित वर्गहरूले पनि न्यायपूर्ण क्रान्तिको सहारा लिनुपर्ने हुनसक्छ । हरेक युद्धहरूलाई सही ढङ्गले समाधान गर्ने भनेको सही क्रान्तिकारी दर्शन, सिद्धान्त, राजनीति र विचार बोकेको क्रान्तिकारी पार्टीको नेतृत्वमा सञ्चालन हुने क्रान्तिले मात्र हो । अवश्य पनि हामीले कसैलाई लुकाउनु हुँदैन, बल प्रयोगको सिद्धान्तलाई तिलाञ्जली दिने पार्टी क्रान्तिकारी हुन सक्दैन । नेपाल कम्युनिस्ट पार्टीले बल प्रयोगको सिद्धान्तलाई आत्मसाथ गर्दछ । आवश्यकता परेको खण्डमा क्रान्तिका सबैखाले साधन र स्रोतलाई प्रयोग गर्नुपर्ने आदर्शमाथि विश्वास राख्छ । त्यसैले दलाल संसद्वादी सत्ताको विकल्पमा वैज्ञानिक समाजवादी सत्ता, सेना, न्यायालयको अवधारणालाई मूर्त रूपमा लागू र क्रियाशील गर्न थालिएको हो ।

# शान्ति प्रकृया असफल र भङ्ग भएको छ



हेमन्तप्रकाश ओली 'सुदर्शन'
नेता, नेकपा

» ***चुनाव खारेजी अभियान कस्तो रह्यो ? समीक्षा कस्तो गर्नुभएको छ ?***

यो अभियान भव्यतापूर्वक सफल भएको छ । जनताले दलाल संसदीय व्यवस्थाबाट आफ्नो राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्याहरु समाधान हुन सक्तैनन्, यसको समाधान वैज्ञानिक समाजवाद स्थापना गर्नु हो भन्ने चेतनाको विकास गरेका छन् । त्यसकारण नेकपाको नेतृत्वमा राज्यको दमनका बावजूद **दलाल संसदीय व्यवस्थाको भ्रममा नपरौं, वैज्ञानिक समाजवादी व्यवस्थाका लागि एकीकृत जनक्रान्तिमा अघि बढौं** ! भन्ने नाराका साथ भित्तेलेखन, पोष्टरिङ्ग, पर्चा वितरण, कोणसभा, जनसभा हुँदै मतदान केन्द्र कब्जा र बम विष्फोटनसम्म जनता पुगेका छन् । नेपाली क्रान्तिमा पटकपटक भएको धोकाबाट पाठ सिक्दै नेता, कार्यकर्ता र जनता एउटा प्रतिबद्धतासहित क्रान्ति पूरा गर्ने प्रकियाको वैकल्पिक धारामा अघि बढेका छन् ।

दोस्रो कुरा, नेपाली श्रमजीवी तथा उत्पीडित जनताको अग्रदस्ताका रुपमा नेपाल कम्युनिस्ट पार्टी स्थापित भएको छ । जसको नेतृत्व महासचिव कमरेड विप्लवले गर्नुभएको छ । यस प्रकृयामा नेता र कार्यकर्ताले परिपक्वता पनि हासिल गरेका छन् । जनताले आफैं पनि संगठनात्मक, विचारधारात्मक र कार्यशैलीका दृष्टिबाट यो पार्टीका नेता र कार्यकर्ताबाट क्रान्तिलाई अथक रुपले अन्तिमसम्म लैजान आदेश गरेका छन् ।

तेस्रो कुरा, सरकारले निकै ठूलो जोरजुलुम गर्दा पनि ४० प्रतिशतभन्दा बढी मतदान हुन सकेको छैन । जसरी ६५ र ७५ प्रतिशतको कुरा गरियो, त्यो बनावटी हो भन्ने कुरा स्पष्ट भएको छ । ४० लाखभन्दा बढी युवा मतदाता रोजगारका लागि विदेशिएका छन् । हजारौं जनता भूकम्पपीडित क्षेत्रमा सिकर्मी र डकर्मी काम गरिरहेका छन् जो मतदानको लागि आफ्नो क्षेत्रमा फर्केका छैनन्, त्यस्तै अस्थायी रुपमा कामको खोजीमा भारत जाने नेपालीहरुको संख्या पनि उल्लेख्य रहेको छ । यो कुरा हामीले प्रत्यक्ष देखेका छौं । उम्मेदवारहरुले ठूला शहरमा रहेका मानिसहरुलाई भाडाको व्यवस्था गर्दा पनि सबै गएका छैनन् र हाम्रो पार्टीको आह्वानमा ३० प्रतिशत भन्दा बढी जनताले चुनावमा भाग लिएका छैनन् । सरकारले निर्वाचन आयोगमार्फत् मतदानको जुन तथ्यांक प्रस्तुत गरेको छ त्यसमा उम्मेदवारको मतदान केन्द्र कब्जालाई जोडिएको छ । एउटा व्यक्तिले ६० पटकसम्म मतपत्रमा छाप लगाउने, मरेका, विदेश गएका, महिला र अशक्त वृद्धवृद्धाहरुको नाममा समेत अर्कोले मतदान गरेको कुरालाई पनि जोडिएको छ । त्यसो त राजधानी नजिकै एउटा वुथमा ९९.६ प्रतिशत मत खसालिएको छ ।

अतः हाम्रो पार्टीको निर्वाचन खारेजी अभियानले कथित प्रतिनिधिसभा र प्रदेशसभाको चुनाव साम्राज्यवादी र तिनका घरेलु दलालको नाटक, साम, दाम, दण्ड र भेदको भद्दा नमूना सावित गरिदिएको छ ।

» ***तपाईंको पार्टीले त्यत्रो बम बारुद पड्काउँदा पनि जनतामा त्यसको प्रभाव परेन, चुनावप्रति व्यापक उत्साह देखियो नि ?***

पार्टीले घोषणा गरेको दलाल संसदीय व्यवस्थाको चुनाव खारेजी अभियानमा जनताले उत्साहपूर्ण रुपले चुनावमा भाग लिएका होइनन्, बरु उत्साहपूर्ण रुपले त्यसको धज्जी उडाए र आक्रोसका साथ दलाल उम्मेदवारहरुमाथि समेत बम प्रहार गरे । जनता कता लागे भन्ने कुरा कालीकोटको मुम्रा, सुर्खेत, मुगु, दाङमा मतदान केन्द्र कब्जा र रुकुममा उम्मेदवारमाथि चप्पल प्रहार, देशव्यापी बम विष्फोटले स्पष्ट पारिसकेको छ । दलाल उम्मेदवारहरु जहाँ पुगे, त्यहीं बम पड्किने कुरामा व्यापक जनताको सहभागिता छ । प्रहरी र सेनाको बलमा घरघरै गएर धम्काएपछि जनताहरु बाध्य भएर मतदान गर्न पुगेका हुन् जसको राम्रो उदाहरण रोल्पा थबाङ हो । अनि यो कसरी उत्साहपूर्ण हुन्छ र !

» ***कति जना कार्यकर्ता पक्राउ परेका छन् ? त्यसप्रतिको धारणा ?***

अहिलेसम्म पार्टीको रेकर्डअनुसार ७ सय २१ भन्दा बाढी नेता तथा कार्यकर्ताहरु पक्राउ पर्नु भएको छ । पोलिट व्युरो सदस्य क. चन्द्रबहादुर चन्द 'वीरजङ्ग' लगायतका केही कमरेडहरुलाई छोडेको छ भने अरु छोड्ने क्रम जारी छ किनकि पक्राउ पर्नुभएको साथीहरु निर्दोष हुनुहुन्छ । उहाँहरुलाई तुरुन्त विनाशर्त सरकारले रिहाई गर्नुपर्छ भनेर कमरेड महासचिवको विज्ञप्तिमा पनि आएको छ । यो अन्तरवार्तामार्फत् म पनि त्यही कुरामा जोड दिन्छु ।

» ***तपाईहरुले व्यक्तिकेन्द्रित आक्रमण गर्नुभएको आरोप छ नि ?***

यो व्यक्तिकेन्द्रित आक्रमण होइन, बरु दलाल संसदीय व्यवस्थाका असली प्रतिनिधिहरु जो भ्रष्ट, जनविरोधी र राष्ट्रविरोधि छन्, उनीहरुमाथि जनआक्रोस पोखिएको छ ।

» ***दाङमा एक जना म्यादी प्रहरीको मृत्यु भयो । घटना कसरी भएको हो ?***

त्यहाँ जनताले म्यादी प्रहरीमाथि होइन, बरु शेरबहादुर देउवामाथि आक्रोस पोखेका हुन् । त्यो प्रकृयामा म्यादी प्रहरी चौधरी भाइको ज्यान जानु दुःखद हो । यसमा म दुःख व्यक्त गर्दछु ।

» ***चुनाव विरुद्ध भएका बम विष्फोटका घटनाहरुमा तपाईहरुको संलग्नता छ कि छैन ?***

हाम्रो पार्टीको चुनाव खारेजी अभियानमा जनताले संघर्षलाई उचाइमा पुर्‍याएर बम विष्फोट गरेका छन् । जनता सचेत भएपछि दलाल संसदीय व्यवस्थाका उम्मेदवारहरु जहाँ जान्छन् ,त्यहीं बम पड्किए । अभियानको नेतृत्व पार्टीले गरेपछि त्यसमा संलग्नता र असंलग्नताको कुरै आउँदैन ।

» ***तपाईहरु नेपालको हितविरोधी विदेशी शक्तिबाट परिचालित भएको भन्ने आरोप छ नि ?***

यो दलालहरुको जो चोर उसैको ठूलो स्वर मात्रै हो । उनीहरुको आरोपलाई जनताले पानीको लौरो सावित गरिदिएका छन् ।

» ***अब तपाईहरुको कार्यक्रम कस्तो हुन्छ ?***

पार्टीले आन्दोलन र संघर्षका उपलब्धीहरुको संश्लेषण गर्दै त्यसबाट शिक्षा लिन्छ । राष्ट्रियता, जनतन्त्र र जनजीविका सम्बन्धी मुद्दाहरु आजको स्थितिमा पहिचान गर्दै अघि बढ्ने कार्यक्रम बनाइनेछ । आज गास, बास र कपास मात्रै हैन, शिक्षा, स्वास्थ्य र रोजगारका समस्याहरुले जनता पीडित छन् । भ्रष्टाचारले गर्दा यी समस्याहरु समाधान हुन सकेका छैनन् । संघर्षका मुद्दाहरु यी नै हुन्छन् । हामी शान्तिपूर्ण तरिकाले कार्यक्रम अघि बढाउछौं । यसलाई छेक्न खोजियो भने आन्दोलन विकसित चरणमा पुग्छ ।

» ***बाम गठबन्धनको सरकारप्रति तपाईहरुको धारणा कस्तो रहला ?***

कथित बाम गठबन्धन होस् वा कथित लोकतान्त्रिक गठबन्धन, एउटै सिक्काका दुई पाटा हुन् । बाम गठबन्धनको माके एमालेमा विलय भइसकेको छ । बाम गठबन्धनको सरकार एमाले जस्तै हुन्छ । अझ सारतत्वमा यी बामपन्थी भनाउँदाहरु दलाल संसदवादका पहरेदारहरुबाहेक केही होइनन् । यी सबै नेपाली जनताको सेवामा होइन, बरु आर्थिक भ्रष्टाचार र साम्राज्यवादको सेवामा लाग्नेछन् । ठोस रवैया त सरकार बनेपछि थाहा होला ।

» ***तपाईहरु चुनाव विरोधी शक्ति हो ?***

हामी जनताबाट नेतृत्व चुनिने र सरकार चुनिने प्रकृयाको विरोधी होइनौं । हामी पेरिस कम्युनका सन्तति हौं जसले प्रशासकीय अधिकृत र न्यायाधीश पनि जनताबाट चुनेको थियो । हामी बन्दुक र पैसाको बलमा गरिने संसदीय व्यवस्थाको चुनाव विरोधी हौं ।

» ***शान्ति प्रकृया पूर्ण भयो भन्ने सरकारी दाबीप्रति यहाँको धारणा ?***

यो सरकारी धारणा सरासर गलत छ । क्रान्तिप्रति धोका दिएपछि हामीले विद्रोह गरी नयाँ उचाइमा क्रान्ति अघि बढाएका छौं । त्यो शान्ति प्रकृया असफल र भङ्ग भएको छ, नयाँ क्रान्तिको प्रकृया शुरु भइसकेको छ ।

पृष्ठ १ बाट क्रमशः

# निर्वाचन र मानवअधिकार

उल्लंघन मानिन्छ भने त्यही घटना कसैको व्याख्यामा रक्षा मानिन्छ । यी व्याख्याहरु वर्गीय स्वार्थमा आधारित छन् । वर्गीय समाजको अस्तित्व रहुन्जेल यो व्याख्या पनि कायमै रहन्छ यो वस्तुगत यर्थाथ हो । तर पनि मानिसको प्रकृतिपदत्त अधिकारको रक्षा मानिसले गर्नैपर्छ तबमात्र मानिसको अस्तित्वको रक्षा हुन्छ । प्राकृतिक वा मानवअधिकारको संरक्षण हुन्छ ।

ईं.सं. १२१५ मा बेलायतमा तत्कालीन राजाको अधिकार कटौतीका रुपमा ल्याइएका केही सम्झौताका बुँदाहरुलाई मानव अधिकारको आधुनिक अवधारणाको स्रोतको रुपमा लिने गरिन्छ, जुन म्याग्नाकार्टाको नामले चिनिन्छ । मानिसको इज्जत प्रतिष्ठाअनुसार बाँच्न पाउने एवं वाक स्वतन्त्रताको अधिकारलाई समेत मानिसको आधारभूत मानवअधिकारको रुपमा राखिएको यसको मूल विशेषता थियो ।

प्रथम र दोस्रो विश्वयुद्धमा धेरै मानिसहरु मारिए । त्रासदीपूर्ण युद्ध एवं नरसंहारबाट बच्न र बचाउन मानवअधिकारको बारेमा संयुक्त राष्ट्रसंघमा बहस चल्यो । अमेरिकी एवं तत्कालीन सोभियत संघ पक्षबाट फरकफरक ढंगले विचार प्रस्तुत गरिए । अमेरिकीलगायत केहीले राजनीतिक तथा नागरिक अधिकार भन्दै वैयक्तिक स्वतन्त्रतालाई बढी जोड दिए भने रुसीलगायत केहीले सामाजिक, आर्थिक र साँस्कृतिक अधिकारलाई जोड दिए । बहस चल्दै जाँदा छुट्टा छुट्टै घोषणा गर्नेसम्म दुवै पक्ष पुगे तर अन्ततः यी दुवै पक्षलाई समेटेर घोषणापत्र जारी गर्ने सहमति बन्यो । फलस्वरुप सन् १९४८ डिसेम्बर १० का दिन संयुक्त राष्ट्रसंघ महासभाले मानवअधिकारको विश्वव्यापी घोषणापत्र जारी गर्‍यो । त्यही दिनको सम्झनामा १० डिसेम्बरलाई मानवअधिकार दिवसको रुपमा लिने गरिन्छ । त्यसपछि पनि संयुक्त राष्ट्रसंघबाट मानवअधिकार सम्बन्धी प्रतिज्ञापत्र, अनुवन्ध, आलेख, घोषणापत्र आदि जारी भइसकेका छन् ।

ईं.सं. १९६६ मा "आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर र्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ संयुक्त राष्ट्रसंघबाट जारी गरियो । त्यसैगरी मानिसका आधार भूत नागरिक तथा राजनीतिक अधिकार हरुको संरक्षण, संवर्द्धनका प्रावधानहरुसहित संयुक्त राष्ट्रसंघबाट "नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्र १९६६" जारी गरियो । यस प्रतिज्ञापत्र अन्तर्गत दुईओटा प्रलेख (प्रोटोकल) पनि जारी गरियो । जसमध्ये पहिले कुनै व्यक्तिले मानवअधिकारको उल्लंघनमा आफ्नो देशभित्र कुनै उपचार पाएन भने अन्तर र्राष्ट्रिय निकायसमक्ष उसले उजुरी गर्न पाउने भन्ने भयो भने दोस्रोमा मृत्युदण्ड उन्मुलन गर्ने भन्ने प्रलेख जारी गराइयो । यी दुवै प्रतिज्ञापत्र तथा प्रलेख नेपालले अनुमोदन गरिसकेको छ । सोअनुसार २०४७ सालको संविधानमा मृत्युदण्ड सम्बन्धी कानुन बनाउन नपाउने प्रावधान राखिएको थियो । पछि अन्तरिम संविधान २०६३ मा र २०७२ सालको नेपालको संविधानमा समेत उक्त प्रावधान यथावत राखिएको छ ।

संयुक्त राष्ट्रसंघ स्थायी समितिका सदस्य राष्ट्रहरु अमेरिका र चीनले उल्लेखित प्रलेखलाई अनुमोदन गरेका छैनन् । ती देशहरुमा मृत्युदण्ड सम्बन्धी कानुन छ र कार्यान्वयन पनि भैरहेको छ । तर यिनै देशहरुले अन्य साना देशहरुमा मृत्युदण्ड दिइने कानुन नबनाउन आफ्ना एजेन्ट, कूटनीतिज्ञ तथा संघ-संस्था मार्फत् निरन्तर दबाब दिने गर्छन् । २०४७ सालभन्दा पहिला नेपालमा मृत्युदण्ड सम्बन्धी कानुन थियो । नेपाली कांग्रेसले चलाएको विद्रोहमा सरिक भएवापत कप्तान यज्ञबहादुर थापालाई तत्कालीन सरकारले मृत्युदण्डको माग गरेको मुद्दामा तत्कालीन सर्वोच्च अदालतबाट मृत्युदण्ड सजायको फैसला भइ कार्यान्वयन भएको थियो । २०४७ सालको संविधानले मृत्युदण्ड सम्बन्धी कानुन खारेज गर्‍यो । यसैबीच २०५२ सालमा नेकपा (माओवादी)ले जनयुद्धको घोषणा गर्‍यो । जनयुद्धको सुरुवाती चरणमा माओवादी नेता कार्यकर्ता तथा समर्थकलाई राजनीतिक आस्थाकै आधारमा बिनाकारण पक्राउ गर्ने र सार्वजनिक अपराध सम्बन्धी मुद्दा लगाउने गरियो । यसबाट धेरै मानिस अदालतको आदेशले थुनाबाट छुट्न थाले । त्यसपछि सरकारले यस्ता मानिसलाई सार्वजनिक सुरक्षा कानुन लगाएर सार्वभौमसत्तामा खलल पार्ने सम्भावना भएकोले थुनामा राखिएको भन्ने पुर्जी दिई थुप्रै मानिस पक्राउ गर्ने र जथाभावी थुन्ने, यातना दिने गर्न थाल्यो । जुन कानुन २०१८ सालमा तत्कालीन राज्यविरुद्धको विद्रोह दबाउन ल्याइएको थियो र बिपी कोइरालालगायत त्यसबेलाका नेता-कार्यकर्तालाई पनि उक्त कानुन अन्तर्गत लामो समय नजरबन्दमा राखिएको थियो । यसमा पनि अदालतले बन्दीप्रत्यक्षीकरणको रिटमा कारण खोज्न थाल्यो । जसका कारण मानिस अदालतको आदेशले छुट्न थाले ।

त्यसपछि सरकारले कानुन नभए पनि जनयुद्ध समाप्त पार्न जनयुद्धमा संलग्न नेता, कार्यकर्ता समर्थक तथा शुभचिन्तक समेतलाई छानीछानी पक्राउ गरी नियन्त्रणमा लिने र मार्ने योजना बनाई मार्न थाल्यो र कानुनबिना सरकारको ठाडो आदेशमा मृत्युदण्डको कार्यान्वयन गर्न थाल्यो । २०५८ सालमा सरकारी टेलिभिजन मार्फत् माओवादी नेता कार्यकर्ता समेतलाई जीवित या मृतक सरकार समक्ष बुझाउनेलाई ठूलो धनराशी पुरस्कार दिइने भनी सार्वजनिक घोषणासमेत गर्‍यो । उक्त घोषणाको सूचना तत्कालीन संविधान कानुन नेपालले अनुमोदन गरेका मानवअधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघको घोषणापत्र, आभिसन्धी, प्रतिज्ञापत्र, प्रलेखसमेतको विरुद्ध थियो । तर उक्त घोषणा बमोजिम हजारौं मानिस सरकारद्वारा पक्राउ गरी नियन्त्रणमा लिई क्रूर यातना दिई मारियो । कैयनलाई बेपत्ता पारियो । यसरी नेपालमा कानुनबिना नै मृत्युदण्डको कार्यान्वयन गरिएको दृष्टान्त हामीकहाँ छ ।

जनयुद्धको नेतृत्व गरेको पार्टी र सरकार शान्ति प्रक्रियामा आए । दुवैले सम्झौता गरे । सम्झौताको मुख्य विषय भनेको नेपालमा सदियौंदेखिको राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक आधारमा वर्गीय, क्षेत्रीय, जातीय र लैंगिक विभेद एवं उत्पीडन अन्त्य गर्दै नयाँ संविधान निर्माण गर्ने र युद्धमा भएका ज्यादतीलाई सम्बोधन गर्न कानुन र आयोग बनाई छानविन गरी त्यसका आधारमा कारबाही एवं मेलमिलाप गराई समाजमा शान्ति कायम गर्ने भन्ने थियो तर आज यी दुवै एजेण्डा पूरा भएनन् । न त भनेजस्तो संविधान बन्यो न त युद्धका ज्यादतीको छानविन गरी कारबाही वा मेलमिलाप गराई शान्ति प्रकृया पूरा गराइयो । बरु एकतर्फी सरकारी पक्षबाटै सम्झौताको उल्लंघन गरियो । माओवादी मूल नेतृत्वसहितको एउटा पंक्ति सरकारी पक्षमा विलय भयो भने अर्को पक्ष दोस्रो संविधानसभा बाहिरै रह्यो । यसपछि सरकारी पक्षबाटै सम्झौता तोडियो । माओवादी विद्रोही पक्षबाट मानिस मारिएको, बेपत्ता पारिएकालगायतका घटना घटाई कानुन विपरीत कार्य गरेको भनी थुप्रै नेता कार्यकर्ता उपर मुद्दा चलाइयो । बालकृष्ण ढुंगेलजस्ता कोही जेलमा छन् कोही मुद्दा खेप्दैछन् तर कृष्णसेन इच्छुकलाई यातना दिई मार्नेहरु, तत्कालीन शाही सेनाको भैरवनाथ गणमा ४९ जना मानिस बेपत्ता पार्नेहरु, कारबाहीमा परी दण्डित हुनुको सट्टा उल्टो पुरस्कृत भइरहेका छन् । मानिस मारी टाउको बुझाएर पुरस्कार थाप्न आउनू भनी सूचना जारी गर्ने तत्कालीन सरकारका प्रमुख आज पनि गणतान्त्रिक सरकारकै प्रमुख छन् । योभन्दा विडम्वना के हुन सक्छ ?

भर्खरै नेपालमा प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन सम्पन्न भएको छ । यतिखेर संसदबाहिर रहेको नेपाल कम्युनिस्ट पार्टीले दोस्रो

... बाँकी पृष्ठ ७ मा

वर्ष ३, अङ्क २६, पूर्णाङ्क १२१
रातो खबर साप्ताहिक

स्वास्थ्य

# खानपिनमा ध्यान नदिँदा मधुमेहको समस्या

पछिल्लो समय नेपालमा मधुमेह रोगीको संख्या बढेको छ। नेपालमा मुटुरोगपछि दोस्रो ठूलो समस्याका रूपमा मधुमेह रोगका बिरामी देखिन्छन्। नसर्ने रोगले भयावह रूप लिँदै गएका वेला नेपालमा मधुमेह रोगका बिरामीको संख्या दिनप्रतिदिन थपिँदो अवस्थामा छ। रोगीको संख्या बढ्दै जानु भनेको राज्यका लागि ठूलो चुनौती हो। एकातिर राज्यले स्वास्थ्यलाई मौलिक हकको रूपमा मान्यता दिएर जनताको स्वास्थ्यमा गम्भीर भएको देखिन्छ भने अर्कातर्फ मधुमेह रोगका बिरामी बढ्दो क्रममा रहेको देखिन्छ। विलासी जीवनशैली, अनुशासनहीन व्यवहार, अनावश्यक तनाव, अखाद्य वस्तुको सेवनलगायतका कारणले मानिसमा अत्यधिक मात्रामा मधुमेह रोगका बिरामी बढ्दै गएका छन्। मधुमेह रोग कस्तो अवस्थामा हुन्छ, के कारणले यो रोग लाग्छ र यसबाट बच्न के गर्नेलगायतका विषयमा **डाक्टर रिनेश सापकोटा**ले दिएका सुझाब यस्ता छन् :

**के हो मधुमेह ?**

मानव शरीरभित्रको आमाशय र आन्द्राको बीचमा प्यांक्रियाज ग्रन्थिमा गडबड भएर इन्सुलिन हर्मोनको मात्रामा कमी हुन आएमा तथा यसको उत्पादन रोकिएमा मधुमेह रोग लाग्दछ। मानव शरीरमा भएको रगतमा चिनीको मात्रा बढी देखिएको खण्डमा त्यसलाई चिनीरोग लागेको भनिन्छ।

**लक्षण**

- अनियमित ढंगले पिसाब लागिरहनु। अस्वाभाविक रूपमा भोक लाग्ने र जति खाए पनि मानव शरीरमा वजन नबढ्नेजस्ता क्रियाकलाप देखिनु।
- छिनछिनमा तिर्खा लाग्नु। जति पानी खाए पनि मुख सुक्खा भइरहने हुनु।
- यौन इच्छा घट्दै जानु, शारीरिक सम्पर्क गर्ने वेलामा यौन पार्टनरसँग झर्को मान्नु।
- मानिसको शरीरमा कुनै कारणले घाउ, चोटपटक लागेको खण्डमा निको हुन अधिक समय लाग्नु।
- मानव शरीरका विभिन्न भागमा अनावश्यक ढंगले चिलाउने लक्षण देखिनु।
- निरन्तर रूपमा छालामा संक्रमण हुनु।
- आँखाको हेर्ने शक्ति कमजोर हुँदै जानु। आँखा धमिलो हुनु।

**लागे के गर्ने ?**

- मधुमेह रोगको लक्षण देखा परेको खण्डमा तत्काल चिकित्सकसँग परामर्श लिएर औषधि सेवन गर्नेतर्फ लाग्नुपर्छ। आफ्नो नियमित बानीमा सुधार गर्दै जानुपर्छ।

**यसरी लाग्छ मधुमेह**

- घर अथवा मावलीतिरको वंशाणुगत गुण पनि मधुमेह रोग लाग्नुको प्रमुख कारण हो। विलासी जीवन बिताउने र व्यायाम पटक्कै नगर्ने मानिसलाई मधुमेह रोग लाग्न सक्छ।
- शरीरलाई आवश्यक पर्नेभन्दा बढी खानेकुरा खायो भने पनि मधुमेह रोगले च्याप्न



थाल्छ। गुलियो पदार्थ धेरै मन पराउनु र अत्यधिक मात्रामा खाएमा मधुमेह रोग लाग्न सक्छ।
- अल्छी र खन्चुवा स्वभावको मान्छे र मोटोघाटो मानिसलाई छिट्टै मधुमेह रोगले भेट्छ। गर्भावस्थामा ध्यान दिएन भने मधुमेह रोगले छुन सक्छ।
- चिया, कफी, केकलगायतका चिनीबाट बनेका परिकारमा बढी जोड दिने मानिसलाई मधुमेह रोगले भेट्छ।
- कार्बोहाइड्रेडको मात्रा बढी भएका आलुलगायतका वस्तु मन पराउने मानिसलाई मधुमेह रोग लाग्ने सम्भावना अत्यधिक हुन्छ।
- मिर्गौला, कलेजो र मुटुरोगका बिरामीलाई उपचारका क्रममा दिइने विभिन्न औषधिका कारण पनि मधुमेह रोग लाग्न सक्छ। मानव शरीरमा भिटामिन सीको कमी हुँदा मधुमेह रोग लाग्न सक्छ।

**कसरी छुटकारा पाउने ?**

- नियमित रूपमा व्यायाम गर्ने। विलासी जीवन त्याग गर्नेतर्फ ध्यान दिने। सन्तुलित भोजन तथा आहार सेवन गर्ने।
- मन र मष्तिष्कलाई सकारात्मक पार्ने र सकारात्मक रूपले सोच्ने बानीको विकास गर्नतर्फ लाग्ने।
- नियमित श्रम र योग गर्ने।
- दुई-दुई घन्टाको बीचमा खानपिन गर्ने बानी बसाल्नुका साथै समयमै खाने।
- शरीरलाई आवश्यक पर्ने भिटामिन सी पर्याप्त मात्रामा सेवन गर्ने। हप्ताको दुईपटक शरीर मालिस गर्ने र सम्भव भएसम्म जिम जाने।
- हरेक बिहान कम्तीमा एक घन्टा हिँडडुल गर्ने। नियमित रूपमा ठीक समयमा सुत्ने र उठ्ने बानीको विकास गर्ने।
- अध्यात्मिकतातिर ध्यान दिने। दैनिक जीवनशैलीमा परिवर्तन गर्ने र समयअनुसार चल्ने।
- चिनीको मात्रा बढी भएका चिया, कफी सख्खर, चकलेट, बिस्कुट, चाउचाउलगायतका खानेकुरामा जोड नदिने।

# प्रधानमन्त्रीमार्फत् संसदवादीहरुलाई खुला-पत्र



सम्मानिनिय प्रधानमन्त्री ज्यू,
हार्दिक नमस्कार !

आराम छु, यहाँहरुमा पनि सोही कामना गर्न चाहन्छु। विशेष पत्र लेख्नाको कारण त केही थिएन। आजभोलि यहाँहरुसँग भेट नभएको पनि धेरै भएकोले केही कुरा भन्नैपर्ने भएकाले तपाईको केहीबेर ध्यानाकर्षण गर्न चाहन्छु। किनकि देशमा जनताले भोगेका सुख-दुःख बेदना र गुनासाहरु सुनिदिने तपाईबाहेक यहाँ को नै छ र ? कोही भएपनि अरुले सुन्नु र तपाईले सुन्नुको अर्थ नै फरक पर्न सक्छ, किनभने तपाई देशको कार्यकारी प्रमुखको हैसियतमा हुनुहुन्छ त्यसैले पनि मेरो कुरा तपाईमार्फत् प्रकट गर्ने अनुमति चाहन्छु।

एकातिर देशमा प्रतिनिधिसभा र प्रदेशसभाको चुनाव नाटक मञ्चन गरी राज्यकोषको खरबौं बजेटमा मोजमस्ती गर्दै भोजभतेर र दीपावली मनाउने अनि लाखौं युवाहरुको श्रमलाई कौडीको भाउमा खाडी र मलेसियामा बेच्न वाध्य पार्ने, तिनै युवाहरुलाई रातो बाकसमा फिर्ता गराउने, तपाईहरुलाई चुनावमा विजयी गराउने अनि तिनै युवाको मत र उनीहरुकै रगत पसिनासँग साटिएको विप्रेषण हैन र ? तपाईहरु नै भन्ने गर्नुहुन्थ्यो संसारको उत्कृष्ट संविधान बनायौं भनेर। त्यसैका कार्यान्वयनस्वरुप विभिन्न चुनावको प्रचारबाजी र कोकोहोलो गर्दै हुनुहुन्छ। त्यही कानुनमै छैन र लोकतन्त्रमा असहमत राख्ने अधिकार ९च्ष्नजत तय चभवभअत० वा ल्य खयतभ को अधिकार साँच्चै त्यो व्यवस्था थियो भने यो चुनावमा हामी मत हाल्दैनौं भन्ने ती हजारौं जनताले के बिगारेका थिए र ? त्यसैमा हामी स्वतन्त्रता चाहने लाखौं युवालाई तिम्ले हाम्रो शासन मान्नैपर्छ नमाने जेल हाल्छौं भन्नु कुन कानुन मुताविक छ ? राज्यको समग्र परिवर्तनको पक्षमा उभिने युवालाई घरबाटै, विश्वविद्यालयबाटै, क्याम्पसमा अध्ययन गर्दै गर्दा गिरफ्तार गरी प्रहरी हिरासतमा राख्ने कहाँको मानवअधिकारसहितको लोकतान्त्रिक संविधान रहेछ खै ?

आजभोलि कताकता बामगठबन्धनको नाममा समाजवादको डङ्का पिटेको सुनिन्छ। के वर्ग संघर्षबाट दशकौं अघि नै भागेका कम्युनिस्ट नामधारीहरुले होहल्ला गर्दैमा समाजवाद आउला त ? वर्ग संघर्षसहितको न्युनतम मान्यताहरुलाई पूरा नगर्नेहरुले कसरी लाजै नमानी समाजवादको ध्वाँस दिएका ? यस्ले उद्दण्ड, पुँजीवाद उदय हुने खतरा पो रहन्छ त ! यसलाई कसरी बाम गठबन्धन भन्ने ? देशमा भएका सम्पूर्ण कम्युनिस्टहरुको वृहत्तर सम्मेलनको आयोजना र व्यापक छलफलबाट निकालिएको उत्कृष्ट निष्कर्षबाट नै समाजवादमा जाने प्रतिवद्धतासहितको सबै कम्युनिस्ट पार्टीको एकता जो संसदीय व्यवस्थाको खारेजी र त्यसको विकल्पमा वैज्ञानिक समाजवाद स्थापना गर्नुपर्ने मान्यतामा दृढ हुनुपर्छ अनि मात्र बाम गठबन्धन भन्न मिल्छ, अन्यथा यो त दुई दलीय माके-एमाले गठबन्धनमा सिमित हुनेछ।

तपाईहरुमा चुनावबाट दुई तिहाई मत प्राप्त गर्ने कागजी भूत असाध्यै चढेको सुनिन्छ। के त्यसोभए राष्ट्रियता र जनजीविकाको प्रश्नमा प्रतिबद्ध निम्न मध्यम वर्गीय जनताले उठाएका सामान्य मुद्दाहरुलाई किन हल गर्न सक्नुहुन्न ? यदि साँच्चै चुनावले मात्रै देश समृद्ध हुने भए हाम्रो देश संसारकै समृद्ध र विकसित हुन्थ्यो होला किनकि हाम्रो देशमा संसारकै धेरै चुनाव हुने देशमा पर्दछ। यहाँ २००७ सालको प्रजातन्त्रको स्थापनापछि २०१५ हुँदै अहिले २०७४ सम्म आउँदा यहाँ थुप्रै चुनाव सम्पन्न भएका छन्। वास्तवमै चुनावले त राष्ट्रहरुलाई उच्च मानव विकास सुचकाङ्कमा अग्रपङ्क्तिमा चढाउन सफल हुनुपर्ने चुनावले देश विकास हुने भए संसारकै विकसित देश हुनुपर्ने खै त विकास र समृद्धि ? उल्टै कैयौं पटकको निर्वाचन खर्चले देशको स्थिति टाट पल्टेको देखिन्छ। जनताको अवस्था दयनीय छ। व्याप्त भ्रष्टाचारी कालाबजारी आकासिँदो महंगी, कमजोर सुरक्षा व्यवस्था, बढ्दो सिमा अतिक्रमणजस्ता समस्याले जनता निसास्सिएका छन्।

२१औं शताब्दीमा पनि १७औं १८औं शताब्दीको अफ्रिकन जस्तै अभावै अभावमा बाँच्न बाध्य छन्। नेपालीहरु किन कर्णालीको गरीब जनता बिरामी हुँदा सिटामोल र जीवनजल नपाएर छट्पटिएर मर्न बाध्य छन् भने पहुँचवाला नेता र ठूला भनाउँदाहरु सामान्य टाउको दुख्दा पनि राज्यकोषको करोडौं बजेटमा विदेशमा उपचार गराउँछन्। उता शिक्षाको कुरा गर्दा सीपविहीन संस्काररहित लाखौं शैक्षिक बेरोजगार उत्पादन गर्ने कारखाना बनिरहेको देखिन्छ। यसरी दिन प्रतिदिन शैक्षिक बेरोजगारको सङ्ख्या बढ्दो छ। राज्यमा भएका सबै एशियाका चर्चित उद्योगहरु जस्तै, भुकृटी कागज उद्योग, बाँसबारी छाला जुत्ता उद्योग, विराटनगर जुटमिलजस्ता देशकै नभएर एशियाका चर्चित उद्योगहरुलाई बहुदलपछिको सरकारको लापरवाहीको कारण दलालहरुले सबै तहसनहस पारेको देखिन्छ। लाखौं निरक्षरदेखि शिक्षित युवाहरुलाई रोजगार दिनुको साटो भएकै कारखानालाई पनि नीजिकरण गर्ने, राज्यको कहालीलाग्दो अवस्था देखेर लाखौं युवा विदेश पलायन हुन बाध्य भएका छन्। विश्वमा नेपाली कामदार नभएको देश नै छैन। के चुनावले समस्याको समाधान गऱ्यो या समस्या बल्झायो ? दलका चुनावी घोषणा पत्र कस्ता छन् भने प्रेमिकालाई लेखिएका प्रेमपत्र जस्ता झुटा गफैगफका उडन्ते शब्दजाल सिवाय अरु केही छैनन्। कृषिप्रधान देश भएर पनि अरबौं अरबको खाद्यान्न तरकारी, मासु तथा दुग्धजन्य पदार्थ भित्रिन्छ। व्यापार घाटा चुलिँदो छ। जसमा आयात व्यापार अत्याधिक छ भने निर्यात व्यापार नगन्य मात्रामा छ। सिमा समस्या दिनप्रतिदिन बढेको छ। राष्ट्रियता अहिलेसम्मकै सर्वाधिक सङ्कटमा देखिन्छ। समाजमा भातृत्व तथा मानवियताको तीव्र सङ्कट पैदा भएको छ। सामाजिक सुरक्षा र मानवअधिकार विषय आफू अनुकुल रटाइँदैछ।

यी माथि उल्लेखित विषयहरु स्वास्थ्य शिक्षा, रोजगारलगायतका सामान्य नैसर्गिक अधिकारका सिमा समस्यासम्म तथा राष्ट्रियता र गणतन्त्रको विषयमा ठूला भनाउँदा संसदीय पार्टीका चुनावी घोषणा-पत्र मात्रै हैन, यीन्का त पार्टीकै रणनीति तथा दृष्टिकोण नै स्पष्ट नभएको देखिन्छ। सामन्ती राजतन्त्र र संसदीय व्यवस्थाको अन्त्य गरी जनताको जनवादी व्यवस्था हुँदै समाजवाददेखि साम्यवाद जाने भन्दै जनतन्त्र, जनजीविका र राष्ट्रिय स्वाधीनताका प्रश्न समेटिएका ४० सुत्रीय ज्ञापनपत्र तत्कालीन देउवा सरकारलाई डाक्टर बाबुराम भट्टराईको नेतृत्वमा संयुक्त जनमोर्चाले बुझाउँदा उक्त ज्ञापनपत्रको उचित सम्बोधन नभएपछि २०५२ साल फाल्गुन १ गते महान् जनयुद्ध नेपाली भूमिमा शंखघोष भयो। राज्यसत्ता बन्दुकको नालबाट जन्मन्छ भन्ने क. माओको भनाईलाई आत्मसाथ गर्दै राज्यसत्ता बाहेक सबै कुरा भ्रम हो। विद्रोह गर्नु जनताको अधिकार हो। जस्ता भनाइहरुका साथ १० वर्षे जनयुद्धको सफल नेतृत्व गरेका तत्कालीन नेकपा (माओवादी) का नेता प्रचण्ड वर्गसंघर्षको निरन्तर यात्रामा रहँदा जनताको साथ समर्थन अत्यधिक रहेका कारण नै नेपाली जनयुद्धले छोटै समयमा उल्लेख्य सफलता प्राप्त गरेको थियो तर १२ बुँदे समझदारी, बृहत शान्ती सम्झौतामा भएको समझदारीअनुसार जनयुद्धका उपलब्धीलाई २०६४ को प्रथम संविधानसभामार्फत ०६२/६३ को जनआन्दोलनलगायतका सबै उल्लेखित उपलब्धीहरुको संस्थागत गर्न नसक्नु, संविधानसभाबाट संविधान घोषणा गर्न नसक्नु, जनमुक्ति सेनालाई नेपाली सेनामा समायोजन गर्नुको सट्टा विघटन गर्नु, जनसत्ताले कब्जा गरेका भू-माफियाका जग्गा फिर्ता गर्नुजस्ता थुप्रै कमजोरी र नेतृत्वमा क्रान्तिप्रतिको बेइमानी, धोका र विचलनले जनता र इमान्दार नेता-कार्यकर्तामा नैराश्यता आउनु स्वभाविकै थियो। यो कहाँसम्म गयो भने यतिसम्म कि उहिल्यैको वर्गसंघर्ष छोडेको एमाले, माओवाद त के माओविचार धारासम्म भन्न नचाहने एमालेसँग चुनावी तालमेल हुँदै पार्टी एकता भन्दै यहाँसम्म कि कुनै बेलाका सर्वोच्च कमाण्डर/नायक यतिबेला खलनायक भएको तितो सत्य आफ्नै आँखाले देख्नुपऱ्यो।

प्रधानमन्त्री ज्यूमार्फत् के सन्देश छोड्न चाहन्छु भने तपाईजस्तो देशको कार्यकारी प्रमुख व्यक्तिलाई हामीले केही कुरा भन्दा अन्यथा लाग्नसक्छ। अन्यथा नमानी केही समय ध्यानाकर्षण गर्नुहोला। कुनैपनि क्रियाको बराबर प्रतिक्रिया हुन्छ भन्ने विज्ञानको सर्वमान्य नियमअनुसार भनिन्छ कि राज्यले जनतालाई कस्तो व्यवहार गऱ्यो त्यसमै भर पर्छ कि जनताले कस्तो प्रतिक्रिया गर्ने भन्नेमा तर हामीजस्ता निर्दोष जनताले राज्यले दिएको सूचनाको हक, बोल्न पाउने अधिकार, लोकतन्त्रमा असहमती राख्न पाउने अधिकार, म कसैलाई पनि मत हाल्दैन भन्ने अधिकारको प्रयोग गर्दा तपाईको के बिग्रन्छ र ? आफ्नो इच्छा लागेको राजनितिक विचारको समर्थन गर्न पाईंदैन र ? उत्कृष्ट लागेको विचारको पक्षपोषणसहित फरक पार्टीका नेता-कार्यकर्ता भएर राजनिति गर्ने अधिकार पनि छैन र ? महोदय, म जस्ता सोझा इमान्दार हजारौं जनताले धेरै सहने गरेका छन्। अब त यी जनताहरुको अनि मेरो पनि धैर्यताको बाँध फुट्नेवाला छ। प्रधानमन्त्री ज्यू, तपाईलगायत अरु प्रमुख पार्टीका नेतालाई पनि मेरो जिज्ञासा छ, जनताले फरक विचार असहत राख्नासाथ पुलिस कस्टडीमा हालिनु कुन तन्त्र हो ? यो लुटतन्त्र कि झुटतन्त्र कि कस्तो तन्त्र हो ? हामीलाई प्रस्ट पार्नुपऱ्यो। हेर्नुस् प्रधानमन्त्री ज्यू, तपाईलगायत सबै संसदीय पार्टीका नेतालाई के कुरा हेक्का रहोस् भने जनताको आवाज कहिल्यै पनि जेल हालेर बन्द हुनेवाला

... बाँकी पृष्ठ ७ मा

# आसन्न स्टालिन दिवसका सन्दर्भमा

एसियाको पश्चिम चीनदेखि युरोपको स्पेन अर्थात् प्रशान्त महासागरदेखि एट्लान्टिक महासागरसम्म फैलिएको विशाल युरोसिया महाद्वीपको ककेसस पर्वतमालामा संसारकै महान् र वीर जनजातिहरू बसोबास गर्दछन् । तिनै महान् जनजातिमा प्राचीन तिफलिस नगरको नजिकै दिदिलियो गाउँमा थोरै खेतीपाती र जुत्ता सिलाउने कालीगढ पेसा गर्दै आएका गरिब तर स्वाभिमान सार्की जातिका पिता विसारियोन र आमा एकातेरिनाको सन्तानका रूपमा १८ डिसेम्बर १८७९ मा स्टालिनको जन्म भएको थियो । उनको पारिवारिक नाम 'सोसो जुगसयिली योसेफ विसारियोनोबीच' थियो । त्यही उपेक्षित जनजाति, त्यही गरिबीको पीडा पिउँदै महाजनका जुत्ता सिलाउँदै हिलो र धुलोसँग खेल्दै हुर्केका बालक नै पछि सर्वहारा वर्गका महान् नेता बने ।

आमाबाबुले माया गरेर बोलाउँदा बालक स्टालिनलाई त्यसबेला 'सोसो' भन्थे । त्यही रुसी भाषाको 'योसेफ' र अङ्ग्रेजी उच्चारणमा 'जोसेफ' भयो । कालान्तरमा सबैभन्दा चर्चित पार्टी नामसमेत जोडेर 'जोसेफ स्टालिन' प्रसिद्ध हुन पुग्यो । स्टालिन नाबालकै हुँदा पिताको देहान्त भएकाले उनको पालनपोषण आमाबाट भयो । औद्योगिक क्रान्तिको विस्तारका कारण गाउँको कुटिर उद्योगले जीवन धान्न नसकेपछि उनका पिता तिफलिस नगरमा सरेका थिए । त्यहीँ ७ वर्षको उमेरमा उनलाई धार्मिक विद्यालयमा भर्ना गरियो । उनका आमाबुबा त्यसबेला समाजमा सम्मानका दृष्टिले हेरिने पादरी गुरु बनाउन चाहन्थे । एक वर्षभित्र उनले मातृभाषा गुर्जी र रुसी दुवै भाषा सिके । सन् १८८८ देखि ६ वर्षसम्म गोरी क्षेत्रको त्यही धार्मिक विद्यालयमा उनले अध्ययन गरे । उनको खेलकुदमा पनि सोख थियो । १५ वर्षमुनिको स्कुले जीवनमै स्टालिनको सम्बन्ध भूमिगत क्रान्तिकारीहरूसँग भयो । सन् १८५४-०५६ मा क्रिमियासँगको युद्धमा जारको हार, डिसेम्बरवादीको कत्लेआम, सन् १८८१ मा जार अलेक्जेन्डर द्वितीयको हत्या र त्यसको अभियोगमा लेनिनका दाजुको हत्याजस्ता उथलपुथलकारी भौतिक वातावरण र बिहानको सूर्यझैँ झर्झराउँदै उदाएको लेनिनको बाटोले क्रिस्चियन धर्मगुरु पादरी शिक्षालयमा भर्ना गरिएका स्टालिन क्रान्तिकारी बाटोमा हेलिए ।

अठारौँ शताब्दीको अन्त्य ककेससको बाकु क्षेत्रमा धातु, कपास र तेल उद्योगको विस्तारसँगै सर्वहारा वर्गको उदय भएको थियो । मजदुर वर्गसँगै मार्क्सवादको प्रवेश अनिवार्य थियो । जर्जियामा गणराज्यको बाकुस्थित तिफलिसमा सन् १८९६ मा १७ वर्षकै उमेरमा स्टालिनद्वारा अध्ययनमण्डली गठन गरियो । सन् १८९८ मा उनले 'तृतीय दल' नामक दलको सदस्यता लिए । मार्क्सवादको प्रचार गर्ने तर बेलायतको व्यवस्थालाई आदर्श मान्ने असमान सोचाइहरूको युवा जमात थियो । उनी सन् १८९४ मा भूमिगत पुस्तकालयको सदस्य भए । तृतीय दलको कानुनी अवधारणालाई भूमिगत तर दृढ विचारको बाहक बनाउने प्रस्ताव पेस गरेपछि फुट पैदा भयो । तिफलिसमा रुसी सामाजिक जनवादी पार्टीको विस्तार भइरहेकै बेला सन् १८९९ मा पहिलोपटक लेनिनको रचना पढेपछि लेनिनसँग भेट्ने इच्छा उनमा पैदा भयो । क्रान्तिकारी गतिविधिका कारण सताउँदै आएको विद्यालय प्रशासनले २६ मई १८९८ मा स्टालिनलाई निष्कासन गर्‍यो । तर शुल्क तिर्न नसकेको आरोप लगाइएको थियो ।

विद्यालयबाट निष्कासित भएपछि तिफलिसमा जागिर खाँदै पूर्णतः क्रान्तिकारी जीवनको प्रारम्भ भयो स्टालिनको । उनी साङ्गठनिक कामको सिलसिलामा ककेसस क्षेत्रको तेस्रो ठूलो औद्योगिक सहर बातुनमा स्थानान्तरण भए । छोटै समयमा स्टालिन जर्जियाका लोकप्रिय नेता, जनताका प्रिय 'सोको' र बोल्सेभिकवादका प्रमुख प्रचारक बन्न पुगे । उनले जनता र नेताको अन्तरसम्बन्धबारे व्याख्या गर्दै 'जनतालाई नेताभन्दा नेतालाई जनताको कैयौँ गुणा बढी आवश्यकता' बताएका छन् । उनले भने, 'नेताहरूलाई सबैभन्दा बढी खतरनाक रोग भनेको जनतासँगको त्रास हो ।' बातुनमा फैलिएको मजदुर आन्दोलनको केन्द्रमा क. स्टालिन थिए । मजदुरहरू उनलाई 'श्रमिकजनका नेता' भन्थे । स्टालिनको नेतृत्वमा बातुनमा जर्जियाली (गुर्जी) भाषाको पहिलो पत्रिका 'सङ्घर्ष' को प्रकाशन भयो । बातुनमा सञ्चालित सङ्घर्षमा श्रमिक महिलाको सहभागिता बढाउन विशेष जोड रहेको थियो । पार्टीको बैठक बसिरहेको बेला ५ अप्रिल १९०२ मा गिरफ्तार भई बातुन जेल, कुसैत जेल हुँदै १९०३ मा उनलाई साइबेरिया निर्वासन गरियो । त्यहीँबाट उनको पत्राचार महान् लेनिनसँग भयो । त्यो समयदेखिको मित्रता जीवनपर्यन्त कायम रह्यो । लेनिनले पठाएको पहिलो चिठी अध्ययनपछि नष्ट गरेको धेरै वर्षपछि त्यसको महत्वबारे उनले भने, 'लेनिनको प्रिय पत्र नष्ट गरेकोमा म आफूलाई कहिल्यै क्षमा गर्नेछैन ।'

साइबेरियाबाट दुस्मनको घेरा तोडेर पार्टी सम्पर्कमा क्रियाशील रहेकै बेला ४ जनवरी १९०४ मा एकातेरिना स्वानिदसँग 'कोण' नामले क्रियाशील स्टालिनको विवाह सम्पन्न भयो र सन् १९०९ मा एक पुत्र याकोवको जन्मपछि आमाको असामयिक निधन हुन पुग्यो । सन् १९०४-०७ सम्म देशव्यापी मजदुर आन्दोलनमा ककेसस क्षेत्र नै सबैभन्दा अगाडि रहेको लेनिनद्वारा टिप्पणी गरिएको थियो । 'हुने बिरुवाको चिल्लो पात' भनेझैँ स्टालिनमा विशाल सोभियत नेतृत्वका आधारहरू प्रस्फुटित हुँदै थिए । तर स्टालिनले कहिल्यै पनि आफूलाई लेनिनको समकक्षी ठानेनन् । उनी लेनिनलाई पहाडी गरुड, प्रतिभाका विलक्षण धनी, साधारण स्वभाव र मिलनसार, उत्साहका स्रोत र आफूलाई लेनिनको बफादार सिपाही ठान्थे । १९०५ को फिनल्यान्डको बोल्सेभिक सम्मेलनमा क. कोवा अर्थात् स्टालिन र लेनिनको पहिलो प्रत्यक्ष भेटघाट भयो ।

सन् १९०६ अप्रिलको स्विडेनको चौथो अधिवेशनमा लेनिन र स्टालिन अल्पमतमा परे । त्यही समय मेन्सेभिकका विरुद्ध युद्धको घोषणा गरियो । वैचारिक युद्धको घोषणा .... । बाकुको मजदुर आन्दोलनबाट विक्षिप्त जारशाहीले २५ मार्च १९०८ मा दोस्रोपटक गिरफ्तार गरी ८ महिना बाकु जेल, पछि २ वर्ष बोलोग्रादमा निर्वासनको सजाय तोक्यो । भौतिक नेतृत्व नभएको त्यस समयमा उनी दोस्रोपटक घेरा तोडेर पुनः पार्टी सम्पर्कमा पुगे । 'ओगनेस' नामले क्रियाशील स्टालिन सन् १९१० मार्च २३ मा पुनः गिरफ्तार भएर पार्टी सम्पर्कमा पुगेपछि पार्टीको केन्द्रीय स्तरमा भूमिका निर्वाह गर्न र सुरक्षालाई समेत ध्यान दिएर लेनिनद्वारा स्टालिनलाई रुसको पुरानो राजधानी पेत्रोग्राद बोलाए । ९ सेप्टेम्बर १९११ मा पेत्रोग्रादमा चौथोपटक गिरफ्तार भई साइबेरिया पठाइएपछि सन् १९१२ मा उनी पुनः जेल तोडेर सम्पर्कमा आउन सफल भए । प्राब्धामा ' जातीय समस्या र समाजवादी जनतन्त्र' शीर्षक लेख प्रकाशित भयो । पछि त्यसलाई पुस्तकाकार रूप दिइयो- 'मार्क्सवाद र जातीय प्रश्न' शीर्षकमा । यो पुस्तकलाई मार्क्सवादको जातीय प्रश्नमा आधारशिला मानिएको छ । सन् १९१२ मा नै पार्टीको पोलिट्ब्युरोमा स्टालिन चयन भए । त्यसबेला लेनिनले गोर्कीलाई पठाएको पत्रमा स्टालिनलाई 'एक अद्भुत गुर्जी तरुण' भनेका थिए ।

सन् १९१२ को आखिरीमा चर्को बिरामीका कारण स्टालिनले लेनिनलाई पत्र पठाउन सकेनन् । त्यसबेला लेनिनले स्थानीय पार्टीलाई विदेशबाटै लेखे, 'वासिकीले किन पत्र पठाएका छैनन् ? उनलाई के भएको छ ? मलाई असाध्यै चिन्ता भएको छ ।' स्टालिन बिरामी परेको खबर पाएपछि लेनिनले तुरुन्तै अर्को पत्र पठाएर 'स्टालिनको राम्रो ख्याल गर्नू, उनी असाध्यै बिरामी रहेछन्' भनी लेखेका थिए । लेनिनको त्यो चिन्ता न रक्तनाताको साँघुरो घेराबाट पैदा भएको थियो, न त स्वार्थप्रेरित । त्यो थियो भाबी सर्वहारा वर्गका नायक र सहयोद्धाप्रतिको कामरेड्ली चिन्ता ।

पार्टीका एकजना केन्द्रीय सदस्य गुप्तचरबाट किनिएकाले उसको सुराकीमा २३ फरवरी १९१३ मा स्टालिन प्राब्दाका सम्पादकमण्डलसहित पेत्रोग्रादमा गिरफ्तार भई फरवरी क्रान्तिसम्म साइबेरिया निर्वासन गरिए । दोस्रो अन्तर र्ष्ट्रियको विवादमा स्टालिन लेनिनको साथमा रहे । साइबेरियाको निर्वासनबाट स्टालिनले बन्दीहरूबीच चन्दा उठाएर प्रकाशनका लागि नगद पठाए । १२ मार्च १९१७ मा स्टालिन पेत्रोग्राद आए । सन् १९०५ को दमनविरुद्धको प्रदर्शनमा अन्तरिम सरकारद्वारा गोली चलाउने आदेशलाई सेनाले अस्वीकार गर्‍यो । सशस्त्र सेनाले प्रदर्शनकारीको पक्ष लियो । मेन्सेबिकहरू पुँजीपतिहरूको पक्षमा खुलेर लागे । ३ अप्रिल १९१७ मा लेनिनलाई स्वागत गर्न (लिन) स्टालिन बेलोआस्तोफ गए र पेत्रोग्रादसम्मको लामो रेलयात्रामा भाबी क्रान्तिकारी योजनाबारे छलफल गरे ।

अन्तरिम सरकारले लेनिनलाई गिरफ्तार गर्ने र प्राब्दाको कार्यालयमा छापामार्ने आदेश दिएपछि कामेनेव र ट्राट्स्कीको सल्लाहविपरीत स्टालिनले लेनिनलाई एक सिकारीको भेषमा जङ्गलको एकान्त कुटीमा लगेर राखे । अक्टोबर १०-१६ सम्मको केन्द्रीय समितिको बैठकले स्टालिनलाई भाबी अक्टोबर क्रान्ति विद्रोहको नेतृत्व चयन गर्‍यो । तर विद्रोहको समयतालिका र अन्य प्राविधिक विषयको जानकारी पार्टी केन्द्रीय सदस्य भए पनि विश्वास नभएको कारण कामेनेव र जिनोवियेवलाई समेत दिइएन । २५ अक्टोबरका दिन अन्तरिम सरकार प्रमुख केरेन्सकी अमेरिकी दूतावासको मोटरमा भाग्यो । अरू गिरफ्तार भए । लुनाचास्की, कामेनेव र जिनोवियेवद्वारा जम्बो मन्त्रिमण्डल बनाउन दबाब दिइयो । लेनिन र स्टालिनले त्यसलाई अस्वीकार गरे । लेनिनद्वारा नीति र कार्यक्रम नमिल्नेलाई मन्त्रिमण्डलमा समावेश नगर्ने सार्वजनिक घोषणा गरियो ।

अक्टोबर क्रान्तिपछि पश्चिमी साम्राज्यवादले जर्मनीलाई उचालेकाले वार्ताका लागि ट्राट्स्कीलाई पठाइयो । जर्मनीको अपमानजनक प्रस्तावपछि ट्राट्स्की हड्बडाएर लेनिनको जबाफ पर्खेपछि लेनिनले 'यस्तो जटिल विषयमा म मेरो साथी स्टालिनसँग छलफल गरेपछि मात्र भन्न सक्छु' भनेका थिए । लेनिनको स्टालिनप्रति ठूलो भरोसा थियो । त्यसको सटिक उदाहरण थियो त्यो । शक्ति सञ्चय गर्ने उद्देश्यले २५ फरवरी १९१८ मा लेनिनको शब्दमा जर्मनीसँग 'शोकजनक सन्धि' गरियो वामपन्थीहरूकै व्यापक असन्तोषका अलावा पनि । वैरीहरूको नाकाबन्दीका कारण मस्कोमा खाद्यान्न सङ्कट पैदा भयो । स्टालिनले गोदामहरूमा छापामारेर १० दिनका लागि खाद्यान्न जम्मा गरे । २९ मईमा खाद्य विभाग प्रमुख चयन भए । उत्तरी ककेससको सैन्य जिम्मेवारीसहित नाका खोलेर उनले खाद्य सङ्कट टारे । बाकुमा छँदा बास लिने गरेको घरधनी कमरेड अलिकोफकी कान्छी छोरी नादेज्दासँग स्टालिनको दोस्रो विवाह भयो । सन् १९०१ मा बाकुमा जन्मिएकी नादेज्दा पार्टीकी साधारण कार्यकर्ता थिइन् ।

साम्राज्यवादीहरूले पेत्रोग्रादमाथि गरेको हमलाका विरुद्ध ५ मार्चदेखि स्टालिनको नेतृत्वमा भएको प्रतिरोधबाट पराजित भयो । सङ्कटपूर्ण सबै मोर्चामा स्टालिन सधैँ अग्रीम मोर्चामा पठाइन्थे । लेनिनको सबैभन्दा बढी आशा स्टालिनमै थियो । स्टालिनलाई सोभियत बहादुर देशभक्तहरूलाई दिइने 'लालझन्डा सम्मान पदक' दिइयो । पेत्रोग्राद दुस्मनलाई सुम्पन सहयोग गर्ने सैनिक जनरल क्रसनोफनलाई समेत माफ दिइएबाट साम्राज्यवाद र संशोधनवादी गद्दारहरूले स्टालिनलाई लगाउने तानाशाही आरोप कति बकबासपूर्ण छ भन्ने प्रस्ट हुन्छ । उत्तरी मोर्चाको विजयबारे स्टालिनले भने कोलेकचर देमिकिनबाट दुस्मनलाई लखेट्न सक्नुमा हामीप्रति दलित जातिको सहानुभूति निहित छ । सन् १९१७ मा लेनिन र स्टालिन संयुक्त हस्ताक्षरमा उपेक्षित र अल्पसङ्ख्यक जातिलाई शासक जातिको स्तरमा ल्याउनु प्राथमिक काम हुने सार्वजनिक गरिएको थियो । सन् १९१८ मा मेन्सेबिक र विदेशी दलालहरूद्वारा एक महिलामार्फत लेनिनमाथि गरेको प्रहारपछि सन् १९२३ मा ट्राट्स्की-बुखारिनद्वारा स्टालिनमाथि प्रहार र गुटबन्दी गरे । १५ डिसेम्बर १९२३ मा केन्द्रीय समितिको बैठकद्वारा अवसरवादका विरुद्ध लड्न आह्वान गरियो । सन् १९२४ मा ट्राट्स्कीलाई 'निम्न पुँजीवादी पथभ्रष्ट' घोषणा गरियो । २६ जनवरी १९२४ मा गोर्की गाउँमा लेनिनको देहान्तपछि स्टालिन पार्टी र राज्य प्रमुखमा नियुक्त भए । लेनिनको श्रद्धाञ्जलीसभामा स्टालिनले 'कमरेड लेनिनले हामीबाट बिदा लिँदै पार्टी सदस्यजस्तो महान् उपाधिलाई उच्च, शुद्ध र सुरक्षित राख्न प्रयत्न गर्नुपर्ने जिम्मेवारी छोड्नुभएको छ । कमरेड लेनिन ! हामी तपाईंको अगाडि प्रतिबद्धता जनाउँछौँ- हामी तपाईंको सपना पूरा गर्न सम्पूर्ण शक्ति लगाउनेछौँ ।' लेनिनले त्यो सार्वजनिक प्रतिबद्धता जीवनमा पूराका पूरा लागू गरे ।

लेनिनको देहान्तपछि स्टालिन गृहयुद्धले जर्जर मुलुकको पुनर्निर्माणमा लागे । आवधिक विकास योजना, नियन्त्रित औद्योगिक तथा व्यापार नीति, सहकारी, सामूहिक खेतीप्रणाली, दलाल र नोकरशाही पुँजीको राष्ट्रियकरण स्टालिनका महान् सिर्जना हुन् जसको कारण एउटा पछौटे अर्थतन्त्र भएको सोभियत सङ्घ संसारकै सर्वश्रेष्ठ मुलुक बन्यो । आफ्नो ५० औँ वार्षिकोत्सवमा प्राप्त शुभकामनाको प्रतिउत्तरमा सन् १९२९ मा स्टालिनले भनेका थिए, 'मलाई जसले लालन-पालन गरे, मलाई जन्म दिए र यहाँसम्म पुर्‍याए तिनै महान् किसान, मजदुर र पार्टीलाई यो अभिनन्दन हो भन्ने म ठान्दछु ।' डिसेम्बर १९३४ मा स्टालिनका मुख्य सहयोगी सेर्गेई किरोवको लेनिनग्रादमा गोली प्रहार गरी हत्या गरेपछि संशोधनवादका विरुद्ध निर्णायक प्रहार गरियो । १९३६ मा स्टालिनको नेतृत्वमा सोभियत कम्युनिस्ट पार्टी बोल्सेभिकको इतिहास लेखनकार्य सम्पन्न गरियो ।

२२ जुन १९४१ मा हिटलरद्वारा सोभियत सङ्घविरुद्ध आक्रमण गरियो । मस्को मोर्चाको नेतृत्व स्टालिनले आफैँले समाले । सन् १९४२-०४३ मा हिटलरको सेना पराजित भएपछि ७ मार्च १९४३ मा 'सोभियत सङ्घको मार्सल' पदवी स्टालिनलाई प्रदान गरियो । २ मई १९४५ मा स्टालिनले बर्लिनमा लालझन्डा गाडेको घोषणा गर्दा हिटलर र उसका अनुयायीहरूरले आत्मसमर्पण गरिसकेका थिए । ८ मईमा जर्मन सेनाले आत्मसमर्पण गरे । सोभियत सङ्घमाथि तोडफोड गरिरहेको जापानी साम्राज्यवादमाथि ९ अगस्ट १९४५ मा स्टालिनद्वारा युद्धको घोषणा र २ सेप्टेम्बरमा जापानद्वारा आत्मसमर्पणपछि स्टालिनद्वारा राष्ट्रिय सुरक्षाको चिन्ता समाप्त भएको घोषणा भयो । अणु बमको अमेरिकी धम्कीबारे स्टालिनको जबाफ थियो- (१) अणु बमको एकाधिकार लामो समयसम्म रहनेछैन (२) अणु बमको प्रयोग निषेध गरिनेछ ।

स्टालिन भाषा विज्ञानका ज्ञाता पनि थिए । त्यस सम्बन्धमा उनले जडसूत्रवादका विरुद्ध लडेका थिए । प्रकृति र समाजमा कैयौँ वर्गनिरपेक्ष वस्तुहरू हुन्छन् र तिनले सत्तारूढ वर्गको सेवा गर्दछन् । तर तिनको विकास र समृद्धिमा सबै वर्गको समान भूमिका रहन्छ भन्ने थियो । शक्तिशाली अर्थतन्त्र भएको समाजको भाषाले कालान्तरमा अन्य भाषाहरूलाई खाँदै, आफूमा समाहित गराउँदै जाने, प्रकृति र समाजको गतिमा प्रकृतिको गति सरल र स्थायी तथा समाजको विकासको गति घुमाउरो र अस्थायी हुने धारणा स्टालिनको थियो । स्टालिनलाई सोभियत सरकारको 'श्रमवीर' उपाधिले विभूषित गरिएको थियो ।

५ मई १९५३ राती १:३५ मा श्वासप्रश्वास र रक्तचापको समस्याका कारण समाज विज्ञानका महान् प्रकाशपुञ्ज, लेनिनका महान् उत्तराधिकारी, विश्व सर्वहारा वर्गका महान् नेता र विश्वशान्तिका अग्रदूतको स्टालिनको निधन भयो । उनको गृहनगरमा समेत व्यापक शोक छायो । संसारभरिका श्रमिक शोकाकुल भए । स्टालिन सधैँ 'पूर्वलाई नबिर्स' भन्नुहुन्थ्यो । 'जनताको सेवा' स्टालिनको जीवन-कानुन थियो । उच्च नेताहरूका लागि स्टालिनका निम्ति प्रसङ्ग र घटनाहरू सबैभन्दा कम पाइन्छ । उनको निजत्व सुरुदेखि नै निषेध गरिएको थियो । स्टालिनलाई त्यसको महत्व थिएन । गरिबी र उपेक्षित वर्गस्रोत त्यसको अर्को कारण थियो । पहिले समाजवादी व्यवस्थाका सफल सञ्चालक, जातीय मुक्ति आन्दोलनका मुख्य निर्देशक, हिटलरी फासिवादका विरुद्धको युद्धका नायक, मार्क्सवादको नेतृत्वका सफल उत्तराधिकारी महान् स्टालिनप्रति हाम्रो पनि श्रद्धासुमन !

**स्रोत – जेल डायरी, अनिल शर्मा**

२०६१ भदौ २२, सरस्वतीखण्ड, बेउर जेल, पटना



*सरकारले लेनिनलाई गिरफ्तार गर्ने र प्राब्दाको कार्यालयमा छापामार्ने आदेश दिएपछि कामेनेव र ट्राट्स्कीको सल्लाहविपरीत स्टालिनले लेनिनलाई एक सिकारीको भेषमा जङ्गलको एकान्त कुटीमा लगेर राखे । अक्टोबर १०-१६ सम्मको केन्द्रीय समितिको बैठकले स्टालिनलाई भाबी अक्टोबर क्रान्ति विद्रोहको नेतृत्व चयन गर्‍यो । तर विद्रोहको समयतालिका र अन्य प्राविधिक विषयको जानकारी पार्टी केन्द्रीय सदस्य भए पनि विश्वास नभएको कारण कामेनेव र जिनोवियेवलाई समेत दिइएन । २५ अक्टोबरका दिन अन्तरिम सरकार प्रमुख केरेन्सकी अमेरिकी दूतावासको मोटरमा भाग्यो । अरू गिरफ्तार भए ।*

पुस्तक समीक्षा

# रामरिझनको तराई-मधेश ब्ल्याक आउट



अनिल शर्मा

**...आफ्नो मुक्तिका लागि थारूहरूले जसरी बन्दुक उठाए त्यो थारू जातिको इतिहासमा मात्र होइन, प्रत्येक शोषितपीडित जातजातिका लागि गर्वको विषय हुन गएको छ। सायद यसबाट भयभीत भएर होला, शासक वर्गले वि.सं. २०५७ मा कमैया उन्मूलनको प्रावधान ल्यायो। तर त्यो व्यवहारमा बर्सौंसम्म लागू भएन (पृ.६९)।' २०६४ को चुनावमा एमाले र काङ्ग्रेसलाई मतदान नगरेर थारू समुदायले अर्को विद्रोह गरे। तर तावाबाट हामफालेर भुङ्ग्रोमा भनेझैं भयो थारू समुदाय। थारू समुदायलाई जमिन र रोजगार चाहिएको थियो। तर प्रचण्डले रमेश लेखकजस्ता सामन्त बोकेर जग्गा फिर्ता माग्न जान थाले।**

मिथिलाबासी एकजना पत्रकार तथा लेखक हुन् रामरिझन यादव। २०७३ सालमा उनको पछिल्लो कृति 'ब्ल्याक आउट' प्रकाशित भएको हो। यसमा तीन खण्ड छन्। पहिलो खण्डमा तराई-मधेसका विभिन्न कालखण्डका आन्दोलन, विद्रोह र जनसङ्घर्षका कथा-व्यथाहरू समेटिएका छन्। ती कथाहरूको साथमा सहिदहरूको सौन्दर्यीकरण गरिएको छ। आन्दोलनमा समेटिएका नेताहरूको चर्चा, प्रशंसा र तीखो आलोचना पनि छ। यस खण्डमा सानाठूला १९ वटा लेख समावेश छन्।

दोस्रो खण्डमा पनि १९ वटा छोटा-लामा लेख समावेश गरिएका छन्। समकालीन राजनीतिक, वैचारिक लेखहरू भए पनि तराई-मधेसका केही समयभित्र भएका घटना र प्रवृत्तिलाई लिएर लेखकले आफ्नो विचार पोखेका छन्। अधिकांश लेखहरू विभिन्न छापा र अखबारमा प्रकाशित भएका हुन्। त्यसैलाई कोरिबाटी गरेर यो सङ्ग्रहमा समावेश गरिएको छ।

त्यसैगरी खण्ड तीन अनुसूची खण्ड हो। यसमा पुस्तकले उठाएका विषयलाई पुष्टि गर्न वा थप प्रस्टताका लागि समावेश गरिएको देखिन्छ। पुस्तक आलोचनात्मकभन्दा अखबारी टिप्पणी र भावनाप्रधान लाग्छ। लेखकले पूर्वराष्ट्रपति रामवरण यादवको सन्दर्भमा लेखेका छन्- जाँदाजाँदै गहभरि आँसु बोकेर निवर्तमान भए नेपालका पहिलो राष्ट्रपति डा. रामवरण यादव।

राष्ट्रपति रामवरण यादव कुनै गरिबका छोरा होइनन्। उनी भारतले सीमा मिचेर, सीमामा नेपाली मारिए अथवा अरब जानेको लर्को हेरेर रोएका हुन् त ? उनी मधेसका एकजना सामन्त (कमसेकम चिन्तनमा) हुन् र मधेसका सामन्तको इच्छाअनुसार संविधान जारी गर्न नसकेका कारण रोएका हुन्। विजयकुमार गच्छदार र शरतसिंह भण्डारीको महिमागान गर्न त रामरिझनजस्ता मधेसका बुद्धिजीवी र इमानदार व्यक्तित्वलाई सुहाउने कुरा नै थिएन। भावनामा तरङ्गित भएपछि मान्छेले आफ्नो उचाइ देख्न छोड्छ भनेको त्यही होला।

कृतिमा 'कैलालीको क्रन्दन' शीर्षकको अर्को महत्वपूर्ण आलेख छ। लेखक भन्छन्, 'आफ्नो मुक्तिका लागि थारूहरूले जसरी बन्दुक उठाए त्यो थारू जातिको इतिहासमा मात्र होइन, प्रत्येक शोषितपीडित जातजातिका लागि गर्वको विषय हुन गएको छ। सायद यसबाट भयभीत भएर होला, शासक वर्गले वि.सं. २०५७ मा कमैया उन्मूलनको प्रावधान ल्यायो। तर त्यो व्यवहारमा बर्सौंसम्म लागू भएन (पृ.६९)।' २०६४ को चुनावमा एमाले र काङ्ग्रेसलाई मतदान नगरेर थारू समुदायले अर्को विद्रोह गरे। तर तावाबाट हामफालेर भुङ्ग्रोमा भनेझैं भयो थारू समुदाय। थारू समुदायलाई जमिन र रोजगार चाहिएको थियो। तर प्रचण्डले रमेश लेखकजस्ता सामन्त बोकेर जग्गा फिर्ता माग्न जान थाले। थारू र मधेसी नामधारी नेताहरूसँग पनि त्यो नारा थिएन। टीकापुर घटना थारू नामधारी विवादास्पद नेताहरूको उक्साहट र थारू समुदायको असन्तुष्टिको कोलाज थियो। जहाँसम्म कमैया मुक्तिको कुरा हो, जनयुद्धप्रतिको थारू लगाव मत्थर गर्न र तराईको जग्गा चक्लाबन्दी गरी बेचेर कमिसन खान दलाल (बिचौलिया) राजनीति र पश्चिमी देशका गैसस नामका गुप्तचरहरूको योजनामा ल्याइएको थियो। यादवले विषयलाई छिनालेर राखेका छैनन्।

आग्रह-पूर्वाग्रहबाट मुक्त नभएसम्म कुनै लेखक वास्तविक लेखक बन्न सक्दैन। यादवले पहाड र काठमाडौँबाट झरेका सामन्तका विषयमा कटु आलोचना त गरेका छन्। सामन्ती उत्पीडन र शोषण काठमाडौँ उपत्यका र पहाडमा कम थिएन र छैन। तर तराई र बिहारमा मौजा भएका वारि र पारिका सामन्तहरूका सन्दर्भमा यादवले एक शब्द पनि खर्चिन आवश्यक ठानेका छैनन्। तराई-मधेसमा काठमाडौँ र पहाडको शोषण धेरै पुरानो छैन। त्यो पृथ्वीनारायण शाह आसपास र मूलतः औलो उन्मूलनपछि हो। तर तराईकै सामन्तहरूको उत्पीडन सयौँ वर्ष पुरानो छ। वर्गीय दृष्टिकोण नभएका लेखकमा देखिने स्खलनको परिणति हो यो। यद्यपि लेखक यादव एकजना लेखक मात्र नभएर कम्युनिस्ट नेता पनि हुन्। तराईको समस्या भनेको सामन्ती तथा बिचौलिया वर्गको उत्पीडन कि कुन प्रतिक्रियावादी छान्ने भन्ने होइन।

राजा वीरेन्द्रको शान्ति क्षेत्र एकातिर पञ्चायती व्यवस्थाका पक्षमा अन्तर्राष्ट्रिय जनमत निर्माण गर्नु थियो भने अर्कोतर्फ भारतसँग राजतन्त्रको अन्तरविरोधका कारण ल्याइएको थियो। 'हर्क गुरुङको प्रतिवेदनमा मधेसीको अस्तित्वलाई स्वीकार गर्नुभन्दा पहाडिया राष्ट्रवादी दृष्टिकोणलाई बढी महत्व दिइएकाले तराईमा व्यापक विरोध भयो। मूलतः त्यो प्रतिवेदन त्यतिबेला ल्याइएको थियो जतिबेला राजा वीरेन्द्रको शान्ति प्रस्तावलाई विश्वका १ सय १६ मुलुकले समर्थन गरिसक्दा पनि सबैभन्दा नजिकको छिमेकी मित्रराष्ट्र भारत तथा उसको सहयोगी कम्युनिस्ट देश सोभियत सङ्घले समर्थन गरेका थिएनन् (पृष्ठ ८९)।' शान्ति प्रस्तावका सन्दर्भमा यादव भन्छन्। भारत नेपाललाई सिक्किम बनाउन चाहन्थ्यो। नेपालमा राष्ट्रवादी जनमत र छिमेकी चीन नभएको भए नेपाल सिक्किम भइसक्थ्यो। त्यो स्वीकार नगर्ने नागरिक नेपालको भलो चाहने नागरिक मान्न सकिन्न। राजतन्त्रले पहाडी मूलका बर्मेली, आसामी, दार्जिलिङ्गेहरूलाई आश्रय दियो। नागरिकता बाँड्यो। यो तथ्य हो। अर्काथरीले बिहारीलाई बाँडे वा बाँड्न चाहेका छन्। रामरिझन कुन पङ्क्तिमा छन् ? उनी दोस्रो पङ्क्तिमा उभिएको भान पर्छ। यी दुवै सोचाइहरू नेपालविरोधी, नश्लीय सोचाइ हुन्। यद्यपि एउटै प्रवृत्ति भए पनि दोस्रो प्रवृत्ति नेपालको अखण्डताका विपक्षमा तुलनात्मक रूपमा बढी हानिकारक रहेको छ। किनकि दिल्ली जातीयताको आगोमा सिक्किमे चिचर पोल्न चाहन्छ। यद्यपि उसको त्यो चाहना 'आकासे फल आँखा तरी मर' भनेझैँ किन नहोस् भारतले शान्ति क्षेत्रको प्रस्तावको समर्थन नगर्नुलाई नेपालको लोकतन्त्रको पक्षमा ठान्नु भयानक भ्रमबाहेक अरू केही होइन।


साहित्यको मापदण्डका तीन आधारहरू सौन्दर्यात्मक मूल्य, ज्ञानात्मक मूल्य र विचारधारात्मक मूल्य हुन् भनिरहनु नपर्ला। यादवले 'गुमनाम सिरहा' लेखमा 'जलाधार' पदावली प्रयोग गरेका छन्। जलाधार भनेको नदीमा जल वा पानी जम्मा हुने क्षेत्र भन्ने अर्थ लाग्छ। कुनै समय बागमती जलाधार भनिन्थ्यो जसमा ललितपुर काभ्रे, मकवानपुर र काठमाडौँका बागमतीतिर ढल्केका पहाड, बन-जङ्गल र मूलहरूलाई मान्ने गरिन्थ्यो। बागमती जलाधार संरक्षण मञ्च भन्ने गैसस पनि थियो। यस्ता ज्ञानात्मक विषयमा पनि लेखकमा समस्या देखिन्छ।

लेखक लेख्न बस्दा कृति जुन भाषामा लेखिएको हो त्यही भाषाका शब्दहरू प्रयोग गर्नुपर्छ। आफ्नो विचार र भावना पोख्ने उचित शब्द कृतिको मूल भाषामा पाइएन भने नजिकको भाषाबाट लिनुपर्छ। नेपाली भाषाको नजिकका (छिमेकी) भाषा मैथिली, नेपाल, तामाङ आदि हुन्। त्यत्ति लेखकीय इमान पनि यादवमा देखिन्न।

भारत नेपालमा मिथिलाञ्चल चाहन्न। भोजपुरा चाहन्न। ऊ मैथिली भाषाको समृद्धि चाहन्न। भारत नेपालमा हिन्दी र मधेस चाहन्छ। त्यसको कारण के होला ? पुस्तक पढ्दै जाँदा लेखक मिथिला भन्दा अरू नै नारामा रमाइरहेको देखिन्छ।

थारू र मधेसी भाषा, संस्कृति, भूगोल, ऐतिहासिकता कुनै कोणबाट पनि एउटै समुदाय होइन। 'अहिलेसम्म थारू समुदायको कुनै पनि व्यक्तिले राष्ट्रिय अखण्डताविरुद्ध आफ्नो अभिव्यक्ति दिएका छैनन्। तराई-मधेसमा देखिएको गतिविधिमा कुनै पनि थारू संलग्न भएको पाइन्न (पृष्ठ २१०)।' संसारको कुन श्रमिक समुदाय शासकको शोषणमा परेको छैन ? देशद्रोही हुन किन उचाल्छन् यादव ? आज नागरिक देशद्रोही होइन, विद्रोही हुनुपर्ने हो कि ? थारूहरूले विखण्डनको कुरा नगर्नु, मधेसवालाहरूले गर्नु र उनीहरूलाई शङ्का गर्नुमा अर्थपूर्ण सम्बन्ध छ।

लेखक रामरिझन यादवको कृति ब्ल्याक आउटमा नकारात्मक विषय मात्र छैनन्। सहिद जीवनी, ऐतिहासिक तथ्य, घटना, इतिहास, मधेसका जनताको देशभक्तिको कथाव्यथाजस्ता सङ्ग्रहणीय र अध्ययन गर्न लायक थुप्रै विषय पनि छन्। उनी तुलनात्मक रूपमा सन्तुलित लेखक पनि हुन्। आउँदा दिनमा पात्र र प्रवृत्तिप्रति अझ सन्तुलित र तथ्यगत कृतिहरू आऊन्, शुभकामना !




## गीर्वाणयुद्धको मामाली बिन्ही (मधेस)



गीर्वाणयुद्धविक्रम शाह नेपालका चौथो राजा भए। उनको आमाको नाम कान्तवती हो भन्ने इतिहाससिद्ध छ। तर कान्तवती कहाँकी हुन् भन्ने हेक्का राख्न नसक्ने सूर्यनाथ उपाध्यायलाई नेपाली राजतन्त्रले कसरी गोदवामाथि गोदवा थप्दै गयो होला, बुझिनसक्नु छ। कान्तवती जनकपुर अञ्चल महोत्तरी जिल्ला बिन्ही गाउँकी बासिन्दा थिइन्। विसं १८२५ को शिवरात्रीमा पशुपति दर्शन गर्न काठमाडौँ गएको बेला पशुपति आर्यघाटमा राजा रणबहादुर शाहको दृष्टि कान्तवतीमाथि पऱ्यो। लामो कद, गहुँगोरो र सेतो साडीमा सजिएकी कान्तवतीको यौवन र सुन्दरताले राजा रणबहादुर शाहलाई मोहित गऱ्यो। तत्कालै आफ्ना दाजु चौतारिया विदुर साही र भाइ शेरबहादुर साहीहरूको परामर्शअनुसार यिनले कान्तवतीलाई पक्रन लगाए। म्यानमा बन्द गराएर उनलाई बलात् राजभवनमा भित्र्याइयो। यस घटनाबाट ब्राम्हणकुमारी हतास् र विह्वल भइन्। यतिबेलाको सामाजिक परिवेशमा एक त बिधुवा, त्यसमा पनि ब्राम्हणीले क्षेत्रीय पुरुषसँग विवाह गर्नु असामान्य मात्र होइन, निन्दनीय मानिन्थ्यो। यसैले राजा नै भए पनि कान्तवती विवाह गर्न तयार थिइनन्। मिथिलाबाट कान्तवतीसँगसँगै गएकाहरू पनि स्तब्ध र क्षुब्ध बनेका थिए। तेजस्विनी कान्तवती ६ महिनासम्म आफ्नो सिद्धान्तमा अडिग नै भएर बसिन्। पछि स्वयम् राजाबाट महारानी राजेश्वरीमार्फत - 'तिमीबाट पैदा हुने छोरालाई नै उत्तराधिकारी दिनेछु, द्विविधा नगर्नू' भन्ने प्रस्ताव प्रस्तुत हुँदा आफूप्रति प्रेमविह्वल भएका राजा र रानी राजेश्वरीको प्रस्तावलाई उनले अनादर गर्न सकिनन्। विवाहका निम्ति उनी तयार भइन्। वि.सं. १८५३ को उत्तरार्द्धमा गोरखाको राजदरबारमा नै कान्तवतीको पनि ग्रहण सम्पन्न भयो। त्यतिबेलासम्म राजा रणबहादुरको पहिली रानी सुवर्णप्रभाबाट युवराजको जन्म भैसकेको थियो। केही वर्षपछि कान्तवतीको कोखबाट जन्मेका गीर्वाणयुद्धलाई डेढ वर्षको उमेरमा राजा घोषणा गरियो। यो आजभन्दा २ सय २९ वर्ष पहिलेको काठमाडौँको कथा हो र जनकपुर-जलेश्वर जाने सडकमा पर्ने बिन्ही गाउँको व्यथा।

कविता

## मजदुर



चोमु शेर्पा (खुशी)
दमक, झापा

हरेक बिहान फ्याक्ट्रीको
अत्याधुनिक मेसिनहरूसँगै
मेरो पनि मेसिन सञ्चालन हुनथाल्छ
फरक यति छ कि
मेसिनहरू विद्युतीय तरंगबाट सञ्चालन हुन्छन्
म मेरो दुई छाक टार्नुपर्ने
बाध्यता बाट संचालित हुन्छु।

बेला बखत मेसिन बिग्रन्छ,
इन्जिन खराब भएर
बेला बखत म पनि बिग्रन्छु
म भित्रको इन्जिन खराब भएर
फरक यति हो कि
मेसिनहरू बिग्रे मालिकले
लाखौं खर्च गरेर बनाउँछन्
मेरो भित्रको मेसिन बिग्रिए
उपचार गर्ने पैसा त के कुरा
आरामको लागि पाँच मिनेट समय पाईंदैन
पाइन्छ त केवल सित्तैमा गाली पाइन्छ।

महत्व छ  हामी दुवैको उत्तिकै
म नभए मेसिन चल्दैन र
मेसिन जतिकै मेरो हात चलेन भने
मेसिन चलेको औचित्य हुन्न
फरक यति हो म चलिन भने
म भन्दा सस्तोमा सयौं बेरोजगार युवा
तम्तयार हुन्छन्
मेसिन बिग्रेमा महंगो दाम पर्छ।

पुरै जीवन समर्पित गरें बस्
न त मेरो काम फेरियो
न त मेरो पहिचान फेरियो
न त मेरो घर फेरियो
न त मेरो रहर फेरियो
फेरियो त साहुको फेरियो
हेर्दाहेर्दै महल बन्यो
हेर्दा हेर्दै कार फेरियो
हेर्दा हेर्दै हिराको हार फेरियो
सर्पले बर्षेनी काँचुली फेरे जस्तै
अनेक फेरिए
कमाए, जमाए, रमाए भरपुर
म जहाँको त्यहीँ
एउटै रहिरहें
कुवाको भ्यागुत्ता जस्तै
सबैले चिन्ने
त्यही एउटै नाम ज्यालाको मजदुर !

प्रत्येक तिहारमा आमाले
पकाउनु हुन्छ सेलरोटी
गोलो-गोलो घुमाएर
अनि म सोच्छु
फ्याक्ट्रीदेखि झुप्रो, झुप्रोदेखि फ्याक्ट्री हुँदै
मेरो प्रत्येक वर्षहरू घुम्दै-घुम्दै
डुब्न लागेको घाम जस्तै बनिसकेछु
के भयो र उपलब्धी
बस् बाँचियो त्यति !
बादलले अचानक घाम छले झैँ
जालझेल गरेर छल्न जानिन
इमान्दारिता भन्दा ठूलो
जीवनमा अरु केही ठानिन
अभावले मल नपुगेको
बिरुवा खुम्चिए झैँ खुम्चें बरु
तर इमानभन्दा पैसा ठूलो मानिन।

धेरै भए परिवर्तनका कुरा
कति चर्के अधिकारका नारा
आन्दोलित भए सबै-सबै
कति भाँडिए, कति मारिए
कति सफल पारिए
कराउञ्जेल, बर्बराउञ्जेल, नथाकुञ्जेल
सबैका नजर तानिए
तर कोइला थपेपछि मात्र सल्किने आगोझैं
ती आवाजहरू फेरि थपिन
फेरि सल्किन, फेरि झुल्किन
तर उपलब्धी हासिल गर्न सकेनन्
कोही आश्वासनमै खुशी भए
कोही अभावको कारण पछि सरे।

सबै-सबै हराए तर म जाग्ने प्रयास गर्दैछु,
भनिन्छ उदाउने बेला र अस्ताउने बेलाको
घाम चम्किलो र सुन्दर हुन्छ
त्यस्तै म अस्ताउनु अघिनै
म जस्तै संसार भरिका
मजदुरहरूको आवाज बनेर
सधैं अहम रूपमा उठ् भने उठ्
बस् भने बस् गर्ने शोषक
र अहंकारी मालिकहरूलाई
बुझाउन चाहन्छु
मजदुरहरूको महत्व
चिनाउन चाहन्छु श्रमको मूल्य
किनकि भोलि म अस्ताए पनि
सबै मजदुरहरूको दिन उदाउन सकोस्।

## क्रान्ति र प्रतिक्रान्तिको ...

जनयुद्धमाथि धोका भएको भन्दै क्रान्ति जारी राख्ने घोषणा गरेको थियो । यसपटकको निर्वाचनमा त्यो क्रान्तिकारी तथा परिवर्तनकारी धारा अझ प्रभावकारी र सशक्त रूपमा प्रकट भयो । जनयुद्धको समयका मुख्य आधारइलाकाका इन्चार्ज तथा खारा सैन्य मोर्चाका कमिसार विप्लवको नेतृत्वमा त्यो क्रान्तिकारी धारा अगाडि बढेको छ । यो चुनावसम्म पुग्दा प्रचण्डको एमालेमा विलय र जनयुद्धको क्रान्तिकारी धाराको उठान एकसाथ भएको छ ।


प्रतिनिधि र प्रदेशसभा चुनाव सकिएको दोस्रो दिन नेकपाका महासचिव विप्लवद्वारा जारी विज्ञप्तिले यसलाई प्रस्ट गरेको छ । महासचिव विप्लवद्वारा जारी विज्ञप्तिको पूर्ण पाठ यसप्रकार छ :

प्रतिक्रियावादी, साम्राज्यवादी, संसद्वादी र आत्मसमर्पणवादी एवम् विसर्जनवादी तत्वहरूको जनविरोधी लेनदेन र षड्यन्त्रका कारण शान्तिप्रक्रिया असफल भयो । यी तत्वहरूले नेपाली जनता र महान् जनयुद्धको मूल मर्म, भावना र चाहनाविपरीत दलाल पुँजीवादी संसदीय व्यवस्था जबरजस्त लाद्न संसदीय व्यवस्थामा पुँजीवादी सङ्घीयता थपिएको (संसदीय व्यवस्था) को प्रतिनिधि र प्रदेशसभाको चुनाव यही मङ्सिर १० गते र २१ गते घोषणा गरेको थियो । हाम्रो गौरवशाली पार्टी नेपाल कम्युनिस्ट पार्टी र नेपाली उत्पीडित-श्रमिक जनताले त्यसलाई सशक्त प्रकारले प्रतिरोध गरेका छन् । हाम्रो पार्टीको निर्देशन, आह्वान र श्रमिक तथा देशभक्त शक्तिहरूको सहभागिता एवम् सहयोगमा चुनाव खारेज अभियान हस्तक्षेपकारी र प्रभावकारी रूपले सफल भएको छ । यो खारेजी अभियान र प्रतिरोधदेखि नेपाली क्रान्ति, विद्रोह, क्रान्ति र परिवर्तनको नयाँ चरणमा प्रवेश गरेको छ । नेपाली जनतामाथि जबरजस्त संसदीय व्यवस्था थोपर्न खोज्ने प्रतिक्रियावादी, साम्राज्यवादी र आत्मसमर्पणवादी, विसर्जनवादी तत्वहरूको सपना ध्वस्त भएको छ । यो महान् र नयाँ पहलमा पार्टीको आह्वान र आग्रहलाई स्वीकार गर्दै सम्पूर्ण सहयोग गर्नुहुने एवम् पार्टीलाई माया गर्नुहुने आम नेपाली जनतालाई पार्टी विशेष धन्यवाद र आभार प्रकट गर्दछ । यो महान् अभियानमा पार्टी निर्णय र निर्देशनलाई दृढतापूर्वक आत्मसाथ गर्दै प्रतिरोध सङ्घर्ष चुनाव खारेज अभियानमा रातदिन खट्ने र सङ्घर्षलाई उचाइ प्रदान गर्ने सम्पूर्ण पार्टीपङ्क्ति, नेता-कार्यकर्ता, जवस, मोर्चा सङ्गठन एवम् युवा कमरेडहरूलाई गर्विलो अङ्कमालसहित धन्यवाद प्रकट गर्दछ । यस अभियानलाई गम्भीरतापूर्वक ग्रहण गर्ने र सकारात्मक सहयोग गर्नुहुने बुद्धिजीवी, राजनीतिक विश्लेषक, कानुनविद्, मानवअधिकारवादी, पत्रकार, सुरक्षाकर्मी, कर्मचारी, अन्तर्राष्ट्रिय सङ्घसंस्थाका कूटनीतिज्ञ तथा कानुनविद् सबैमा पार्टी हार्दिक धन्यवाद व्यक्त गर्दछ ।

पार्टीको अभियानमा समर्पित भावनाका साथ खट्दा गिरफ्तार पर्नुभएका एवम् पार्टीलाई समर्थन गरेको आरोपमा राज्यद्वारा गिरफ्तार पर्न गई हालसम्म बिनाकारण हिरासतमा बन्दी हुनुभएका पीवीएम कमरेड वीरजंग, केन्द्रीय सदस्य कमरेड सुमनसहित सयौँ कमरेडहरूप्रति न्यानो र जोसिलो अभिवादन गर्दै धन्यवाद प्रकट गर्दछ । साथै गिरफ्तार कमरेडहरूलाई बिनासर्त यथाशीघ्र रिहा गर्न राज्यसँग अपिल गर्दछ । अभियानका क्रममा घाइते हुनुभएका कमरेडहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछ ।

हाम्रो गौरवशाली पार्टी नेपाल कम्युनिस्ट पार्टीले २०६९ सालदेखि नै महान् जनयुद्ध र शान्तिप्रक्रियाको मूलमर्म, मान्यता, उद्देश्य र लक्ष्यका विरुद्ध नेपाली काङ्ग्रेस, नेकपा (एमाले), भारतीय साम्राज्यवाद र बाबुराम-प्रचण्डले गर्न थालेको गैरजिम्मेवार गठजोड, अनैतिक लेनदेन, व्यक्तिकेन्द्रित सम्झौताविरुद्ध सङ्घर्ष गर्दै आएको हो । उनीहरूले षड्यन्त्रपूर्ण सम्झौता गर्दै जनयुद्धका उपलब्धिहरूलाई निषेध गर्दै महान् जनमुक्ति सेनालाई विसर्जन गर्ने निर्णय गरेपछि नै हामीले प्रचण्ड-बाबुराममण्डलीको गद्दारीसँग विद्रोह गर्दै उनीहरूद्वारा कथित दोस्रो संविधानसभाको चुनाव लादेपछि त्यसलाई प्रतिक्रान्तिको साधन भन्दै बहिष्कार गरेका थियौँ । उनीहरूले प्रतिक्रियावादी संसदीय व्यवस्थाको संविधान घोषणा गर्दा हामीले जनगणतन्त्र नेपालको संविधान घोषणा गरेका थियौँ । साथै हामीले जनप्रतिनिधिसभा र जनपरिषद्को घोषणा गरेका थियौँ । उनीहरूको कथित स्थानीय तहको चुनाव गर्ने निर्णयलाई हामीले प्रतिरोधसहित खारेज गऱ्यौँ । यसपटक संसदीय व्यवस्थाको प्रतिनिधिसभा र प्रदेशसभा चुनावको खारेजी त्यसैको निरन्तरता र उत्कर्ष हो ।

यतिबेला नेपालमा दुई विश्वदृष्टिकोण, दुई सत्ता र दुई सरकारको अवस्था रहेको छ । आउँदा दिनहरूमा एउटा पुरानो संसदीय सत्तालाई नयाँ सत्ताले विस्थापित गर्ने तथा नयाँ सत्ता विस्तार र सुदृढ हुने कुरामा कुनै शङ्का छैन । हाम्रो पार्टीले प्रतिक्रान्तिकारी संसदीय चुनावलाई खारेज गर्ने निर्णय लिएदेखि खारेज अभियान सञ्चालन गर्दासम्म राष्ट्रिय र अन्तर्राष्ट्रिय हिस्सामा केही भ्रम र पूर्वाग्रह पनि देखिन खोज्यो । केही अन्तर्राष्ट्रिय समुदायले हाम्रो चुनाव खारेज अभियानलाई लोकतन्त्र र जनताको मतदान अधिकारमाथि हस्तक्षेप भन्ने प्रतिक्रिया व्यक्त गरेका छन् । हाम्रो पार्टीको स्पष्ट धारणा छ- चुनाव खारेज अभियान सच्चा लोकतन्त्र र मताधिकारका लागि हो । यो खारेज अभियान शान्तिप्रक्रियालाई धोकापूर्ण तरिकाले दलाल पुँजीवादी संसदीय व्यवस्था पुनर्स्थापना गर्ने र त्यसको आयु लम्ब्याउने गद्दारीविरुद्ध विद्रोह र प्रतिरोध हो । जुन कुरा माओवादी आन्दोलनको पूर्ण अधिकारभित्र पर्दछ । त्यसैगरी केही वाम गठबन्धन र लोकतान्त्रिक गठबन्धनका नेताहरूले चुनावविरोधी तत्व, बम पड्काउने, ध्वंसात्मक तत्व भनेका छन् । कतिपय सञ्चारमाध्यमले बम पड्काएर जिम्मा नलिने अनैतिक कार्य भएकाले राज्यले दमन गर्नुपर्ने भनिरहेका छन् । राज्य र सञ्चारमाध्यमहरूले 'अज्ञात समूहको बम हमला' भनेर प्रचार गरे । यी सबै घरेलु प्रचारबाजी र टिप्पणीहरू भ्रामक, षड्यन्त्रकारी र ध्वंसात्मक छन् । यी प्रचारका पछाडि जनयुद्धलाई आतङ्ककारी, विध्वंसकारी, फासिवादी दोषारोपण गर्ने प्रवृत्ति र मनसाय निहित छ जब कि हाम्रो पार्टीले संसदीय चुनावलाई सम्पूर्ण रूप र तरिकाले प्रतिरोध तथा खारेज गर्न अपिल गरिसकेपछि यसैको निर्देशनमा गरिएका प्रतिरोध सङ्घर्षहरू जुनसुकै किन र कसरी अज्ञात, विध्वंसात्मक र अनैतिक भए ? यी त प्रतिक्रान्तिकारी तत्व र दलाल संसदीय व्यवस्थाविरुद्ध खुलमखुला रूपले सञ्चालन गरेका क्रान्तिका शृङ्खला हुन् । बरु यहाँ जसले यसलाई जानाजान भ्रमपूर्ण बनाउन खोजेका छन् यी तत्वले आफ्नो जनघात र राष्ट्रघातलाई छोप्न र वास्तविक जनवादी, राष्ट्रवादी, क्रान्तिकारी शक्तिहरूबारे जनतामा भ्रम छर्न, प्रतिक्रान्तिकारी स्वार्थ पूरा गर्न खोजेका छन् । यस्ता तत्वबाट सबै नागरिक सचेत रहनुपर्दछ भन्ने हाम्रो धारणा छ । हाम्रो पार्टीलाई श्रमिक जनताको सुन्दर भविष्य, देशको स्वाधीनता, दिगो शान्ति, समृद्ध जीवन निर्माण गर्नुबाहेक अरू कुनै स्वार्थ र प्रभाव छैन जसका लागि वैज्ञानिक समाजवादबाहेक अर्को विकल्प छैन । दलाल संसदीय व्यवस्थामा त्यो कदापि सम्भव छैन । तसर्थ हाम्रो दृढ विश्वास छ- दलाल संसदीय व्यवस्थालाई अन्त्य गर्न एकीकृत जनक्रान्तिको कार्यदिशालाई नयाँ उचाइमा उठाउनु र वैज्ञानिक समाजवाद स्थापना गर्नुको विकल्प छैन । हामी आउँदा दिनमा क्रान्तिलाई नयाँ स्तरमा उठाउन अझै सशक्त प्रकारले पहलकदमी लिनेछौँ । नेपाली जनताको परिवर्तन र नयाँ जीवनको चाहनालाई कदापि निभ्न र समाप्त हुन दिनेछैनौँ । त्यसका लागि सम्पूर्ण पार्टीपङ्क्तिलाई जनताको बीचमा बसेर दलाल, भ्रष्ट, राष्ट्रघाती, जनघाती, आत्मसमर्पणवादी, धोकेबाज तत्वहरूका विरुद्ध एक ज्यान, एक मत भएर सङ्घर्षमा डट्न र जनताको नेतृत्व गर्न निर्देशन गर्दछ । त्यसैगरी सम्पूर्ण वामपन्थी, प्रगतिशील, देशभक्त, क्रान्तिकारी समुदाय, बुद्धिजीवी, व्यवसायी मित्रहरूलाई हाम्रो क्रान्तिकारी प्रक्रिया र सङ्घर्षलाई सहयोग गर्न पुनः अनुरोध गर्दछ । लेनिनले भन्नुभएको थियो, 'हारेको सिपाहीले राम्रोसँग सिक्छ ।' त्यसैगरी माओ त्सेतुङले भन्नुभएको थियो, 'असफलताहरू सफलताका जननी हुन् ।' हामीले नेपाली क्रान्तिमा अकल्पनीय पराजय, धोका र गद्दारी भोग्यौँ । परन्तु हामीले ती पराजयबाट गम्भीर र अमूल्य शिक्षा लिएका छौँ । यी शिक्षालाई गहिरोगरी आत्मसात गर्दै नेपाली क्रान्तिलाई पूर्ण गरिछाड्नेछौँ भन्ने दृढ विश्वास हामीमा छ । साम्राज्यवादी दलाल पुँजीवादी, संसद्वादी, आत्मसमर्पणवादी तत्वहरूले हामीलाई जति नै दमन गर्न खोजून्, हाम्राविरुद्ध भ्रमको खेती गरून् र समाप्त गर्न खोजून् अन्तिम विनास क्रान्तिकारी शक्तिको होइन, प्रतिक्रियावादी शिविरकै हुनेछ । अन्त्यमा प्रतिक्रियावादी संसदीय व्यवस्थाको चुनाव खारेज अभियानलाई एकीकृत जनक्रान्तिको दिशामा निरन्तर अगाडि बढाउन विशेष आग्रह गर्दछौँ ।

आरामदायी यात्राको लागि


सिन्धुली, बर्दिबास, जनकपुर, लालबन्दी, धारापानी, मिचैंया, राजविराज, कटारी, गाइघाट, इटहरी, धरान, विराटनगर, काँकडभिट्टा, घुर्मी, हलेसी, दिक्तेल, ओखलढुंगा, सोलु, सल्लेरी, मन्थली, रामेछाप ।
सम्पर्क : ९८४११०६९६७, ९८४४०३१५९

## आगोको ज्वालामा ...

दोस्रो विश्वयुद्धपछि सन् १९४८ मा इजरायल स्थापना भएको थियो । त्यसपछि जेरुसेलमलाई इजरायलले राजधानी मान्दै आएको छ भने प्यालेस्टाइनले पूर्वी जेरुसेलम आफ्नो देशको राजधानी हुनुपर्ने दाबी गर्दै आएको छ । आफ्नो नियन्त्रण बढाउने रणनीतिअनुसार इजरायलले सन् १९६७ यता मुस्लिम समुदाय बहुल पूर्वी जेरुसेलममा २ लाखभन्दा बढी यहुदी बस्ती विस्तार गरेको छ ।

ट्रम्प प्रशासनको पछिल्लो निर्णयसँगै अमेरिका विश्व समुदायबाट अलग्गिएको छ । शुक्रबार नै एकजनाको ज्यान गइसकेको थियो । शनिवारसम्म ट्रम्पको निर्णयको विपक्षमा जर्मनी, बोलिभिया, इटली, सेनेगल, स्वीडेन, उरुग्वे पनि उभिएका छन् ।

**के हो जेरुसेलम ?**

इजरायल र प्यालेस्टिन दुईवटै देश जेरुसेलम आफ्नो भएको दाबी गर्छन् । जेरुसेलमलाई इसाई, यहुदी र मुसलमान समुदाय आफ्ना लागि महत्वपूर्ण रहेको ठान्छन् । यो सहरको सम्बन्ध इसाई, यहुदी र मुस्लिम धार्मिक समुदायसँग जोडिएको छ ।

हिब्रु भाषामा येरुसलइम र अरबीमा अल-कुद्स नामले चिनिने जेरुसेलम संसारको सबैभन्दा पुरानो सहरमध्ये एक हो । यसलाई समयक्रममा धेरैले जित्ने, नष्ट गर्ने र पुनर्निर्माण गरेको इतिहास छ । जेरुसेलम सहरको केन्द्रमा साँघुरा गल्ली र ऐतिहासिक संरचना रहेको 'पुरानो सहर' छ । चारैतिर किल्लाको शैलीमा ढुङ्गाको पर्खालबाट घेरिएको उक्त सहर एउटा प्राचीन धार्मिक नगरी र तीर्थस्थल पनि हो ।

त्यसैगरी इसाई (क्रिस्चियन) खण्डमा 'चर्च अफ द होली सेपल्कर' रहेको छ । उक्त स्थान ईसा मसिहको जीवनकथा, उनको मृत्यु, उनलाई क्रुसमा झुन्ड्याउँदाको कथा र पुनर्जीवनसँग सम्बन्धित छ । मुस्लिम खण्डमा भने 'डोम अफ रक' र अल-अक्सा नामका मस्जिद छन् जुन स्थानलाई मुस्लिम समुदायले सज्जनहरूको आश्रयस्थल ठान्छन् । उक्त मस्जिद इस्लाम समुदायको तेस्रो पवित्र स्थल हो । त्यसैगरी यहुदी खण्डमा क्वार्टरमा कोटेल भनिने पश्चिमी पर्खाल छ । आपसी दाबीका कारण विश्वभरिका तीन समुदायको टक्करमा परेको छ प्राचीन सहर जेरुसेलम ।

## चुनावमा भूराजनीतिक ...

देखिन्छ ।

चीन सरकारको पछिल्लो आक्रामक विदेश नीतिले नेपाली जनमतमा असुरक्षाको भावना भन्दा भरोसा र भारतीय विकल्पको रुपमा हेर्नेहरुको संख्या बढेको छ । त्यसमा पनि भारतको दबाब हुँदाहुँदै गत वैशाख अन्तमा ओविओआरमा नेपाल संलग्न हुनु र चीनले सो परियोजनामा लगानी गर्ने तत्परता देखाउनुले पनि चुनावमा प्रभाव परेको हो । चुनावको मुखैमा आकस्मिक बाहन बाँड्ने, गाउँमा डोजर दौडाउने नेपाली समाजमा चुनावले देश तातेकै बेला चिनियाँ टोली आएर आजभोलि नै रेल दौडन्छ भनेझैं गर्नुले पनि चुनावी जनमतलाई प्रभावित गरेको देखिन्छ । वाम गठबन्धनले जितेमा चीनसँग विकास साझेदारी बढ्ने र त्यसले देश समृद्ध बन्ने मनोकांक्षा पनि चुनावमा प्रकट भयो । एकजना काठमाडौंका मध्यम वर्गीय व्यापारी भन्छन् "मेरो छोरी अमेरिका अध्ययन गर्न जाँदा भारतमा बनेका लुगा र बिस्कुट बोक्न पनि मानिन ।" अर्को एकजना निम्न वर्गीय चितवन निवासी किसान भन्छन् "छोरालाई जग्गा बेचेर दिल्ली अध्ययनमा पठाउन खोजेको उसले भारतको नाम लिनै चाहेन ।" नाकाबन्दीमा बस चढ्न नसकेर उनको बच्चाको परीक्षा छुटेको रहेछ । राजनीति नै नबुझ्ने-नबुझेका कलिला लाखौं किशोर-किशोरी भारतलाई दुष्ट, नेपाल विरोधी देशका रुपमा बुझ्न थालेका छन् । नेपालको सामाजिक चेतना २०२७ र २०४६ सालको जस्तो कमजोर छैन । नेपाली जनमत भारतको विकल्प खोजिरहेको छ । एमालेको चीन झुकाव र वाम गठबन्धनको सरकार बनेमा भारतको विकल्प बन्नसक्ने अपेक्षा वा मनोकांक्षाका कारण पनि चुनाव परिणाम कांग्रेसको विपक्षमा गएको हो । अप्रत्यासित चुनावी परिणामका धेरै कारण छन् तर मुख्य प्रभाव नेपालको भूराजनीतिले पारेको छ । त्यसैपनि चीन नेपालको सबैभन्दा ठूलो दाता मुलुक हो ।

## नेकपाका नेता–कार्यकर्ता ...

खेम थपलिया पनि सोमबार रिहा भएका छन् । थपलियालाई मंसिर १ गते काठमाडौं बागबजारबाट गिरफ्तार गरिएको थियो । थपलियाको गिरफ्तारी गैर कानुनी भएको भन्दै नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य जन्मदेव जैसीले सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरणको रिट दायर गरेका थिए । सर्वोच्चले कारण देखाउ आदेश जारी गरेको ६ दिनपछि थपलिया रिहा भएका हुन् ।

यस्तै पर्साका पूर्व सांसद तथा नेकपाका नेता इस्लाम हवारी पनि रिहा भएका छन् । २० दिनअघि हवारीलाई पर्सा विरगन्जबाट पक्राउ गरिएको थियो । लम्जुङ जिल्ला सेक्रेटरी सन्तोष कोइराला र डोल्पाका सेक्रेटरी राजेश बुढा पनि रिहा भएका छन् । गण्डकी व्युरो सदस्य कपिल भट्ट पोखराबाट रिहा भएका छन् । शिक्षक संगठनकी केन्द्रीय सदस्य टीकादेवी राई पनि रिहा भएको खबर छ । देशका विभिन्न ठाउँहरुबाट नेकपाका दर्जनौं नेता कार्यकर्ताहरु रिहा भए पनि अझै ठूलो संख्यामा आफ्ना नेता कार्यकर्ता रिहा नभएको नेकपाले जनाएको छ । केन्द्रीय सदस्य तथा मेची ब्यूरो इन्चार्ज सन्तकुमार लिम्बु सहित देशभरी नेकपाका दर्जनौ नेता कार्यकर्ताहरु अहिले पनि प्रहरी नियन्त्रणमा रहेका छन् । नेकपाले विनाकारण आफ्ना नेता कार्यकर्ताहरुलाई गिरफतार गरेको र झुटा मुद्दामा फसाउने षड्यन्त्र गरको भन्दै तत्काल रिहाईको लागि माग गरेको छ ।

# 'न्हूगु ज्वजलपा वा:पौ'का प्रकाशक/सम्पादक जितेन्द्र महर्जन हिरासत मुक्त

■ **रातो खबर संवाददाता**/काठमाडौं



काठमाडौं महानगरीय वृत्त किर्तिपुर इलाका प्रहरी कार्यालय प्रहरीले गएको २०७४।७।२८ गते मंगलवार किर्तिपुरबाट गिरफ्तार गरिएका नेपालभाषाको 'न्हूगु ज्वजलपा वा:पौ' का प्रकाशक जितेन्द्र महर्जनलाई गएको आइतवार मंसिर २४ गते बेलुका ५ बजे टेकुको हिरासत कक्षबाट मुक्त गरिएको छ । शुक्रबार केहीलाई ५ दिन र ७ दिनको म्याद थप गर्न सी.डी.ओ कार्यालयमा लगिएको छ । मुक्त हुने महर्जनले जानकारी दिनु भयो ।

## प्रधानमन्त्री मार्फत् ...

हुँदैन । यो त झन् विष्फोट हुनेवाला छ । यदि तपाईले जनयुद्धमा सङ्कटकाल लगाएर माओवादीलाई दुई महिनामा सिध्याइन्छ भन्दा तपाईको पार्टीको हालत के भएको थियो ? हेक्का छ ? अहिले पनि जनताहरुले चुनावमा भाग लिँदैनौं भन्दा ठाउँठाउँमा विरोधका विभिन्न स्वरुपहरु देखिँदा तपाईलाई अन्यथा लाग्छ ? कति छन् र यीनलाई जेलमा राखेर चुनाव गर्छु भन्ने लागेको छ भने चुनाव त सेना परिचालन जसोतसो गरेर नि गर्न सक्नुहोला । यति थोरैलाई त जेल हाल्छु भन्ने लागेको छ भने जेललाई खुला मञ्चतिर सार्नुस् अन्यथा यस्ता दिवा सपनाका भ्रमहरु नपाल्न आग्रह गर्दछु ।

अन्त्यमा सम्माननीय प्रधानमन्त्री ज्यूमार्फत् म के कुरा प्रष्ट पार्न चाहन्छु भने २०५२ सालमा नेकपा (माओवादी)ले तपाईलाई बुझाएको ४० सुत्रीय ज्ञापनपत्र जस्तो नहोस् । नत तपाईले बाढी पीडीतको सभालाई सम्बोधन गर्दा उनैले बुझाएको ज्ञापनपत्र पढेको जस्तो पनि नहोस् । भुकम्प पीडित राहत वितरण जस्तो पनि नहोस् । यो त यस्तो होस् कि जनताले साँच्चिकै जनबलमा स्थापित गरेको एजेण्डा जस्तो होस् किनकि जनताको अधिकारसँग जोडिएको जनतन्त्र र जनजीविकाको सवाल हो । यो जनअधिकार तथा नागरिकहरुको नैसर्गिक अधिकारको कुरा हो त्यसैले यो विल्कुल राजनितिक प्रश्न हो, यसको समाधान राजिनितिक ढंगबाट खोजिनुपर्दछ अन्यथा जनताको जनबलबाट यी कुराको समाधान खोज्नुपरेमा त्यसको धेरै चर्को मूल्य चुकाउनुपर्नेछ । त्यसकारण म फेरि पनि भन्न चाहन्छु तपाईमा अलिकति पनि नैतिकता र इमान्दारीता छ भने अहिले देशमा देखिएका विद्रोह र जनअसन्तुष्टिका आवाजहरुको उचित समाधान राजनैतिक ढंगले नै गरिदिनुहोला भन्ने आशा अपेक्षासहित ओझेलिन चाहन्छु ।

**भीम कठायत 'सुशान्त'**
प्रहरी हिरासत, सुर्खेत, २०७४ मंसिर १५,

## निर्वाचन र ...

संविधानसभा र यसपछि भएको संविधान निर्माण प्रक्रिया एवं संविधानमा समेत विमति राख्दै आएको छ । जनयुद्धको एजेण्डाको हिसाबले भन्नुपर्दा नेपाल कम्युनिस्ट पार्टी पनि शान्तिप्रक्रियाको एउटा पक्ष हो । त्यसले जनयुद्धको जनादेशअनुसार संविधान बन्न नसकेको र शान्ति सम्झौता भंग भएको निष्कर्ष निकालेको र भइरहेको निर्वाचन आफूहरुले खारेज गर्दै जनप्रतिरोध आन्दोलन गरेको सार्वजनिक गर्दै आएको छ ।

निर्वाचनमा भाग लिने वा नलिने अधिकार जोसुकैलाई छ । त्यसमा पनि राजनीतिक एजेण्डाका आधारमा निर्वाचनमा भाग लिने वा नलिने राजनीतिक दलको अधिकारको कुरा हो । यस बीचमा विभिन्न स्थानमा विष्फोटनका घटनाहरु समेत घटेका छन् । एकजना म्यादी प्रहरीको दुःखद मृत्यु भएको छ । केही सर्वसाधारण जनता घाइते भएका खबरहरु पनि सार्वजनिक भएका छन् । यस सम्बन्धमा आन्दोलनरत राजनीतिक दलले पनि आफ्नो धारणा सार्वजनिक गरी यदि घटना निर्वाचन खारेजीको जनप्रतिरोध आन्दोलनसँग सम्बन्धित हो भने त्यसको जिम्मेवारी लिनैपर्ने हुन्छ । मानव अधिकारप्रति विद्रोह एवं आन्दोलनमा लागेका त्यस्ता राजनीतिक दलहरु पनि जिम्मेवारी हुनैपर्छ । जनताको क्षति र पीडाका बारेमा जिम्मेवार हुनैपर्छ । तर व्यक्ति र राज्यले गरेका मानवअधिकारका उल्लघंनका घटना एउटै ढंगले हेरिनु हुँदैन किनकि व्यक्ति वा संगठनले कानुनको उल्लंघन गऱ्यो भने राज्यले त्यस्ता व्यक्ति वा संगठनउपर मुद्दा चलाई पीडितलाई न्याय र क्षतिपूर्ति दिलाइदिन सक्छ तर राज्य स्वयंले कानुनको उल्लंघन गऱ्यो भने त्यसको उपचार नागरिकले कसरी पाउँछ ? पाउन सक्दैन । त्यसैले भन्ने गरिन्छ मानव अधिकारको उल्लंघन जहिले पनि राज्यबाटै हुन्छ व्यक्तिबाट हुँदैन, व्यक्तिबाट त कानुनको उल्लंघन हुनसक्छ । यस्तोमा पीडितले कानुनी उपचार पाउन सक्छ ।

राज्य चल्ने भनेकै संविधान र कानुनअनुसार हो तर नेपालमा विगतको अनुभवले राज्यले जथाभावी मानिस पक्राउ गर्ने, आफ्नो नियन्त्रणमा लिने र मार्ने या वेपत्ता पार्ने वा झुटा मुद्दा लगाउनेजस्ता कार्य गरेर मानवअधिकारको गम्भीर उल्लघंन गरेको दृष्टान्त हाम्रो सामु छ । जनयुद्धमा तत्कालीन सुरक्षाकर्मीले पक्राउमा परेका नेता तथा कार्यकर्तालाई जब तिमीहरु संविधान, कानुन, मान्दैनौं भने तिमीहरुलाई गरिने व्यवहारमा हामीहरु पनि संविधान, कानुन मान्न बाध्य छैनौं भन्ने गरिन्थ्यो । आजका दिनमा पनि त्यस्तो मानसिकता पूर्णरुपमा हटेको देखिन्न । उदाहरणका लागि भर्खरै सम्पन्न निर्वाचनका क्रममा निर्वाचन विथोल्न आउने तत्वलाई देख्नेबित्तिकै गोली ठोक्नु भनी सरकारले सुरक्षाकर्मीलाई आदेश दिएको भन्ने कुराहरु विभिन्न संचार माध्यमबाट सार्वजनिक भए । यदि सरकारको निर्णयअनुसार यस्तो आदेश दिइएको हो भने यो पूर्णतः संविधान कानुन एवं मानवअधिकार विरोधी कार्य हो ।

यदि कसैले अपराधिक कार्य गरेको छ वा गर्दैछ भन्ने लागेमा त्यस्तोलाई सरकारले कानुनतः नियन्त्रणमा लिई अनुसन्धान गरी दोषी देखिएमा कारवाही गर्ने अधिकार त सरकारलाई छदैछ तर कानून हातमा लिइ सरकारले सिधै गोली ठोक् भनी आदेश दिनु भनेको अघोषित मृत्युदण्ड दिनुसरह हो । त्यसैगरी राजनीतिक आस्थाकै आधारमा विभिन्न व्यक्तिहरु खासगरी पत्रकार, शिक्षक, व्यापारी, किसान, मजदुर विद्यार्थी लगायतलाई पक्राउ गरी झुट्ठा घटनामा आधारित मुद्दा लगाई थुनामा राखी मानिसको वैयक्तिक अधिकारको स्वयं सरकारले ठाडो उल्लघंन गरेको छ । व्यक्तिको जिउ-धनको सुरक्षा लिएको राज्यबाट नै नागरिकलाई बिनाकारण पक्राउ गरी मनलागि थुनामा राख्ने हो भने संविधान, कानुन किन चाहियो ? आफ्नै नागरिकप्रति भेदभाव गर्ने, नागरिकको जीउधनको सुरक्षा नगर्ने दलाल र भ्रष्टाचारीलाई उन्मुक्ति दिने भ्रष्ट राज्यव्यवस्था आवश्यक छैन भनी विद्रोह गर्न पाउने जनताको अधिकारलाई जबरजस्ती दमन गर्ने प्रवृति जुनसुकै राज्य व्यवस्था भए पनि त्यो तानाशाही व्यवस्था हो । विद्रोह गर्न पाउने अधिकार संयुक्त राष्ट्रसंघको बडापत्रले समेत सुनिश्चित गरेको छ । जसलाई नेपालले अनुमोदन गरिसकेको छ । जनताले तानाशाही राज्यसत्ताका विरुद्ध न्यायको पक्षमा विद्रोह गर्नु नैसर्गिक मानवअधिकार हो र एउटा सचेत नागरिकको कर्तव्य पनि हो ।

नियमित

# युरोपबाट हेर्दा देशको चुनाव !



अम्बिका पाठक

रोजगारको खोजीमा नेपालीहरू विश्वभरि छरिएका छन् । तर उनीहरूको मस्तिष्कमा नेपालकै गाउँघर हुन्छ । नेपालीहरू कामबाहेक अध्ययन र व्यापारका लागि पनि विदेश जान्छन् । त्यस्तो सङ्ख्या आजभोलि एकदमै बढेको छ । पहिलापहिला नेपालीहरू काम र अध्ययनका लागि भारत जान्थे । अहिले अरब, खाडी, युरोप, अमेरिका हुँदै विश्वभरि फैलिएको अवस्था छ । जहाँ पुगे पनि उनीहरूको मन भने नेपालमै हुन्छ ।

नेपालमा भएका सबै विद्रोह वा जनआन्दोलनमा विदेशमा रहेका नेपालीको ठूलो सहयोग रहेको छ । नेपालको शाही सरकारले आतङ्ककारी भनेको र नेपालमा खुला रूपले त्यसको प्रचार नभएको बेला थियो । त्यस्तो अप्ठ्यारो समयमा पनि युरोपमा जनयुद्धको ठूलो प्रचार भएको थियो । क्रान्तिकारी कम्युनिस्ट भनेपछि युरोपका सरकारहरूले राम्रो दृष्टिले हेर्दैनन् । माओवादी भनेपछि नराम्रो भावनाले हेर्दा रहेछन् । वैधानिक सङ्गठन बनाएर नेपाल, भारत र अमेरिकाले आतङ्ककारी घोषणा गरेको अवैधानिक सङ्गठन, विचार र पार्टीका पक्षमा बोल्नु सजिलो काम थिएन । रोजगार गुम्ने, कानुनी झन्झट हुने अनेक चुनौती हुनसक्थ्यो । त्यस्तो अवस्थामा पनि जनयुद्धका पक्षमा काम भयो । विश्वभरिका प्रगतिशील, वामपन्थी र भाइचारा व्यक्ति तथा संस्थासँग नेपालको जनयुद्धलाई जोड्ने, विचार पुऱ्याउने, छलफल गराउने कामहरू भए । पुस्तक, लेख, अन्तरवार्ता र समाचार प्रसारण भए । जुलुस, सभा र अन्तरक्रियाहरू भए । त्यति मात्र हैन, सुनेअनुसार अमेरिकाको निर्देशनमा बेल्जियम सरकारले २०६१ तिर ज्ञानेन्द्र शाहको सरकारलाई एम १६ नामको लङ रेन्ज मार हान्न सक्ने हतियार (राइफल) सहुलियत दरमा बिक्री गर्दै थियो । बेल्जियमको त्यस बेलाको सङ्गठनले त्यसका विरुद्ध कानुनी सङ्घर्ष गऱ्यो । यहाँका एकजना सांसदले नेपालीलाई सहयोग गरेछन् । बेल्जियमको सदनमा छलफल भएछ । अन्ततः नेपाललाई घातक हतियार बेच्ने निर्णय नै सरकारले फिर्ता लिन बाध्य भयो । कति महान् कुरा ! बेल्जियमको सानो तर फ्रान्स, जर्मनी, इङ्ल्यान्डभन्दा सुन्दर र चर्चित देशको सदनमा नेपालको जनयुद्धको चर्चा र जनयुद्धको हितमा निर्णय भयो । यो त एउटा उदाहरण मात्र हो । यस्ता धेरै कामहरू भएको यहाँका साथीहरू सुनाउँछन् । युरोपका नेपाली क्रान्तिकारीहरुमा महिलाको भूमिका पनि कम छैन । अनिता छन्त्याल, शिला पराजुलीजस्ता दर्जनौं महिलाको महत्वपूर्ण भूमिका छ । तर उनीहरु न महत्वपूर्ण जिम्मेवारीमा छन् न त समितिमा रहेकाको उचित भूमिका हुन्छ । महिलालाई श्रमिक मात्र ठान्ने रोग जहाँसुकै हुँदो



ब्रसेल्सको एक कार्यक्रममा नेपालीहरु

रहेछ । युरोपको संगठनमा पनि महिलाहरुले त्यस्तै गुनासो गर्दा रहेछन् ।

नेपालबाट आएका व्यक्तिहरूलाई समस्या पर्दा सहायता गर्नेदेखि जनयुद्ध दिवस, महिला दिवस, मई दिवस र परम्परागत चाडपर्वमा कार्यक्रमहरू आयोजना गरेर विचार, भावना र राजनीति साटासाट गर्ने काम पनि गरिन्छ । त्यसले गर्दा नेपालमा भएका वर्गसङ्घर्षका पक्षमा समर्थन जुटाउने काम पनि गर्दो रहेछ । म यहाँ रहेका थोरै दिनमा पनि त्यस्ता कार्यक्रमहरू भए । सहभागी हुन पाइयो । त्यस्ता कार्यक्रममा भाग लिँदा आफू नेपालमै छु कि युरोपमा भनेझैं हुँदो रहेछ । त्यस्तै एउटा अनौपचारिक कार्यक्रम केही दिनअघि ब्रसेल्समा भयो । महान् क्रान्तिकारी नेता, क्युबाली क्रान्तिका नायक चे ग्वेभाराका छोरा कामिलो गुभारा बेल्जियम आएका थिए । चे ग्वेभाराका छोरासँग यहाँको सङ्गठनले भेटघाट र अन्तरक्रिया राख्यो । यस्ता कार्यक्रमहरू बेल्जियममा भइरहेका रहेछन् । चेका छोराले नै आफ्नो युरोप भ्रमण अनौपचारिक भएको र राजनीतिक चर्चाका लागि नभएको भनेको हुनाले चर्चामा गएन । तर त्यो निकै महत्वपूर्ण कार्यक्रम थियो । नेपालका घटनाअनुसार यहाँको नेपाली जनमत पनि प्रभावित भइरहन्छ ।

नेपालमा अहिले संसदीय चुनाव चल्दैछ । चुनावको जितहारको चर्चा छ । अर्कोतिर बहिष्कार र खारेजीको चर्चा छ । नेकपाले खारेजी अभियान भनेको छ । चुनाव खारेजी अभियानमा भएका घटना हेरेर यहाँका नेपालीहरू नेपालमा फेरि जनयुद्ध भइरहेको अनुभव गर्छन् । २०५४/०५५ तिर म खुसीराम पाख्रिन दाइसँग सांस्कृतिक कार्यक्रममा नाच्ने–गाउने गर्दा जस्तो अनभूति हुन्थ्यो आज नेपालमा फेरि त्यस्तै वातावरण देखिन्छ । मान्छेहरू जेल, पक्राउ, विरोध, आक्रमण, जनकारबाही यस्ता शब्दहरू दोहोरिएका छन् । चुनावसम्म पुग्दा युरोपमा पनि ध्रुवीकरण बढेको छ । वैद्य बा र बाबुरामको सङ्गठन यहाँ छैन । चुनाव पक्षधर र जनयुद्ध वा क्रान्ति पक्षधर भनेर विभाजित भएका छन् ।

चुनाव र त्यसको विरुद्ध खारेज अभियान चलिरहेको बेला नेपालमा थुप्रै राजनीतिक व्यक्तिहरू पक्राउ परे । अस्पतालका बिरामी, ८५ वर्षका वृद्ध, आपाङ्ग–घाइते, स्वास्थ्यकर्मी, शिक्षक कोही बाँही रहेनन् । हिजो माओवादीलाई बास दिएको भनेर, खाना दिएको भनेर दुःख दिन्थे । मारिन्थे अनाहकमा मान्छेहरू । आज नेकपालाई समर्थन गरेको भनेर दुःख दिन थालिएको छ । सरकार र प्रशासनले नै नेकपालाई झन् ठूलो पार्टी बनाउन खोज्दैछ । नेपालमा सयौं गिरफ्तार भएपछि युरोपमा नेपालीहरू चुपचाप बसेनन् । आस्थाका आधारमा गिरफ्तार गरिएका सबैलाई रिहाइ गर्न माग गरेर विज्ञप्ति जारी गर्ने काम भयो । त्यसले गर्दा युरोपमा रहेका नेपालीमा ध्रुवीकरण झन् बढाएको छ । भोलि त्यसप्रकारको ध्रुवीकरण झन् बढ्नेछ ।

नेपालमा जसरी नै युरोपमा पनि चुनावप्रति नेपालीहरू त्यति आशावादी देखिन्नन् । ठूलो परिवर्तन नभएसम्म पुरानै पार्टी र नेताले के गर्लान् र खै ? भन्ने सोचाइ धेरैमा छ । उनीहरूका हावादारी घोषणापत्र हेर्दा, उनीहरूले मञ्चमा कुर्लेर सपना भङ्ग्याउँदा बेल्जियमका नेपाली ओली, दाहाल र देउवाको विगतको अनुहार र तिनका काम सम्झन्छन् । जनयुद्धमा ठूलो धोका भएको कारण 'क्रान्ति त चाहिन्छ तर...' मान्छेहरू भर पर्न वा के हुने हो ? भनेर शङ्का गर्छन् । तर मान्छेको जात राम्रो कामका लागि समर्थन र खराब कामका लागि विरोध नगरी बस्न सक्दो रहेनछ ।

# बेल्जियममा चे को सम्झना

अम्बिका पाठक/बेल्जियम

महान क्रान्तिकारी नेता चे ग्वेभारा अहिले पनि लाखौं युवा र श्रमिक जनताको हृदयमा रहेका छन् । फिडेल क्यास्ट्रो र चे ग्वेभारा को नेतृत्वमा क्युवामा समाजवादी क्रान्ति सम्पन्न भएको थियो । क्रान्तिपश्चात् चेलाई मन्त्री पदको प्रस्ताव गरियो तर चे बोलिभियामा क्रान्तिको नेतृत्व गर्न जानुभयो । तर क्युवामा जसरी चेलाई बोलिभियामा सफलता मिलेन । अमेरिकी साम्राज्यवादद्वारा प्रशिक्षित सेनाले उनलाई कब्जा गरेर हत्या गऱ्यो । कैयौं वर्षसम्म वहाँको हत्याको खबर लुकाइयो । अहिले उनको चिहान खोतलेर मृत्युका धेरै रहस्यहरु सार्वजनिक भएका छन् । चे र क्यास्ट्रोले क्रान्ति सम्पन्न गरेपछि मात्र क्युवामा कम्युनिस्ट पार्टी स्थापना गरेका थिए । त्यसपछि मात्र चे र क्यास्ट्रो कम्युनिस्ट रहेछन् भन्ने कुरा बाँकी दुनियाँले थाहा पायो । चेको कार्यदिशालाई कतिपयले फोकोवाद भन्छन् । उनै चर्चित क्रान्तिकारी नेता चे ग्वेभाराका सुपुत्र कामिलो गुभारा (Camilo Guveara) केही दिनअघि बेल्जियम भ्रमणमा थिए । बेल्जियम भ्रमणमा रहेका कामिलोसँग नेपाली जनप्रगतिशील मोर्चा, युरोपका विष्णु भुजेल, बदन योङहाङ, मेख गुरुङ, शेरबहादुर छन्त्याल, माकुना



राई, ईश्वर पाठक, अनिता छन्त्याललगायतको भेटघाट तथा अन्तरक्रिया कार्यक्रममा उपस्थिति रहेको थियो । कामिलासँग भातृत्व प्रकट गरेर ब्रसेल्सका नेपालीले चे र क्रान्तिप्रतिको आस्था जनाएका थिए । अमेरिकाले क्युबामाथि लगाएको अमानवीय नाकाबन्दी विरुद्ध युरोपियन संसदभवनमा आयोजना गरिएको कार्यक्रममा नेपाली जनप्रगतिशील मोर्चा, युरोपले पनि ऐक्यबद्धता जनाएको थियो । त्यस कार्यक्रममा EUROLAT का अध्यक्ष Gabi Zimmer उपाध्यक्ष Joao Lopes क्युबाका राजदूत् Norma Estenoz, Dr. Eugenio Selman, प्रोफेसर Eric David र Camilo Guevara ले बोलेका थिए ।

# विखण्डनको पक्षमा युरोप !



रातो खबर संवाददाता/काठमाडौं

विभिन्न गैसस, संयुक्त राष्ट्र संघका नियका, मानवअधिकारकर्मी प्रयोग गरेर युरोपियन युनियनले नेपालमा विखण्डनकारी तत्वलाई प्रोत्साहित गर्न खोजेको देखिन्छ । एमनेष्टि इन्टरनेशनलले केही समयअघि सिके राउतलाई भेटेको र उसलाई रिहा गर्न विज्ञप्तिमार्फत् दबाब दिएपछि कृष्ण पहाडी लगायतले एमनेष्टिको आजीवन सदस्यताबाटै राजिनामा दिएका थिए । पहाडीले एमनेष्टिले नेपालको अखण्डतामै प्रश्न उठाएको आरोप लगाएका थिए ।

निर्वाचन पर्यवेक्षण गर्न कञ्चनपुर पुगेको कार्टर सेन्टरलगायतका युरोपियन युनियनको पर्यवेक्षण टोलीले क्षेत्राधिकार नाघेर गुप्तचरी गरेपछि निर्वाचन आयोगले निर्वाचन पर्यवेक्षण गर्नबाटै वञ्चित गऱ्यो । हालै सम्पन्न निर्वाचनलाई पनि युरोपियन युनियनले नेपाल सरकारलाई चुनाव शान्तिपूर्ण गराउन नसकेको र मतदाता प्रशिक्षण प्रभावकारी नभएको आरोप लगाएको छ । स्मरणीय छ केही वर्ष अघि युरोपियन युनियनले हिमाल पब्लिकेशनमार्फत् नेपालको शान्ति प्रक्रिया आफ्नो प्रभाव विस्तार गर्न करोडौं लगानी गरेको खुलासा भएको थियो । नेपालमा वामपन्थी राजनीति हाबी हुँदै जाँदा युरोपियन युनियनले विखण्डनको धन्दा पनि चर्काउँदै लगेको देखिन्छ ।

## दिल्लीका प्रिय ...

पराजित भएका छन् ।

दिल्लीले जसरी पनि प्रतिनिधिसभामा पठाउन चाहेका केही महत्वपूर्ण नेताहरूले पनि चुनाव जितेका छन् । गोरखाबाट नारायणकाजी श्रेष्ठ 'प्रकाश' लाई हराउन चर्को गुटबन्दी गरेको आरोप लागेका, एमाले–माके पार्टीएकताको विपक्षमा रहेका वर्षमान पुनले चुनाव जितेका छन् । एमाले नेता विष्णु पौडेल सो पार्टीमा दिल्लीको भरपर्दो र विश्वासपात्र ठानिन्छन् । उनी प्रतिनिधिसभामा पुगेका छन् । दिल्लीका अर्का विश्वासपात्र गगन थापा पनि चुनाव जित्न सफल भएका छन् । आम नेपालीले दिल्लीभक्त ठान्ने पहाडका बाबुराम भट्टराई र तराईका राजेन्द्र महतो पनि प्रतिनिधिसभामा पुगेका छन् । ड्यास माओवादीको गोप्य सूचना र फोटो दिल्ली पुऱ्याउने आरोप लागेकी पम्फा भुसाल पनि प्रतिनिधिसभामा पुगेकी छिन् । नेपाली कांग्रेसका अमरेश कुमार झा आफूलाई खुलेआम भारतको पक्षधर ठान्छन् । उनी पनि चर्को प्रतिस्पर्धामा छन् ।

नेपालका उद्योगधन्दा बेचेर खाने कथित उदारवादका पश्चिमी दूतहरू रामशरण महत र महेश आचार्यले धुलो चाटेका छन् भने जनयुद्धका सहिद परिवारलाई राहत दिन अस्वीकार गर्ने रामचन्द्र पौडेलको सपना नारायणगोपालको गीतझैं हुरीले उडाएको छ ।


## पुतलीबजार नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, स्याङ्जाको

**सम्पूर्ण नगरवासीहरूमा अनुरोध**

१. फोहोरमैला व्यवस्थापनमा सबै सहभागी बनौं । सडक, नाली, कुलो, खोलानाला, चौर कतै पनि जथाभावी फोहोरमैला नफालौं ।
२. कुहिने र नकुहिने फोहोर वर्गीकरण गर्ने बानीको बिकास गरौं । कुहिने फोहोरलाई घरमै कम्पोष्ट मल बनाऔं र नकुहिने फोहोरलाई संकलन गरी गाडीमा पठाई नगर सफा गर्ने, सफा राख्ने अभियानमा सहयोग पुऱ्याऔं ।
३. जन्म, मृत्यु, विवाह, बसाई–सराई र सम्बन्ध विच्छेदजस्ता सामाजिक घटनाहरू सम्बन्धित वडा कार्यालयमा गई ३५ दिनभित्र दर्ता गराऔं ।
४. करको चर्चा घरघरमा गरौं, समयमै कर तिर्ने बानीको विकास गरौं ।

पुतलीबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पुतलीबजार, स्याङजा


निर्देशक : अनिल शर्मा, प्रवन्ध निर्देशक : भिमप्रसाद चापागाई, सम्पादक : अशोकप्रसाद सुवेदी, प्रकाशक : रातोखबर प्रकाशन गृह प्रा.लि., कार्यालय : बागबजार, काठमाडौं, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं